# अध्याय एक : शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा शब्द संस्कृतको 'भाष् धातुबाट निर्माण भएको हो । 'भाष्' धातुको अर्थ 'बोल्नु' वा भन्नु हुन्छ । भाषा शब्दमा स्त्रीत्वबोधक टाप (आ) प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ हुन्छ । ( न्यौपानै, २०६६:१) भाषा बिचार बिनिमयको माध्यम हो । बिचार बिनिमय गर्ने अरु माध्यमहरू : आँखा झिम्क्याएर, हातले इशारा गरेर, ताली बजाएर पनी गर्न सकिन्छ । त्यसैगरी पशुपंक्षीले पनि आ-आफ्नै तरिकाले आवाज निकालेर विचार व्यक्त गर्दछन् तर यिनीहरूलाई भाषा मानिदैन । भाषा भन्नाले स्वर र व्यञ्जन जस्ता स्पष्ट छुट्याउन सकिने गरी मान्छेको उच्चारण अवयवद्वारा उच्चारित आवाज भन्ने बुझिन्छ । यसरी ब्यापक अर्थमा केही कुरा ब्यक्त गर्ने सङ्केतलाई भाषा भनिए पनि भाषा बैज्ञानिक सन्दर्भमा मानबीय उच्चारण अवयवद्वारा उच्चारित यादृच्छिक ध्वनि प्रतीकहरूलाई भाषा भन्ने गरिएको छ । (न्यौपाने र भण्डारी २०६० : १)

भाषामा शब्दको स्थान ज्यादै महत्वपूर्ण हुन्छ । रुप भन्दा ठूलो, पदावली भन्दा सानो र अर्थपूर्ण भाषिक एकाई शब्द हो । (न्यौपाने २०६३: ३) शब्दहरू स्वतन्त्र रुपमा प्रयोग हुन सक्दछन् । जस्तै घर, पुस्तक, कलम आदि स्वतन्त्र रुपमा प्रयोग गर्न सकिन्छ, त्यसैले यी शब्द हुन् तर उपसर्ग बि, सु, तिर आदि र प्राय आलु, एलु, इक आदि स्वतन्त्र रुपमा प्रयोग गर्न सक्दैनन् त्यसैले यी शब्द होइनन् । यस्तै गर, पढ, लेख आदि धातुहरू अर्थयुक्त भएपनि तिनको स्वतन्त्र प्रयोग नहुने भएकाले ती पनि शब्द मानिदैनन् । ( भट्टराई २०६२ : १२ )

यो शोध त्रिभुबन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड नेपाली ५१८ परिपूर्ति गर्ने उद्देश्यले गरिने छ ।

## १.२ समस्या कथन

नेपाली भाषामा विभिन्न स्रोतबाट विभिन्न प्रकारका शब्दहरू आएको पाइन्छ । शब्द नभई भाषाको अध्ययन गर्न सकिदैन । नेपाली भाषामा त झन महत्त्वपूर्ण स्थान रहने छ । भाषिक विस्तार र वैज्ञानिक उन्नतिसँगै नेपाली भाषाले पनि विभिन्न स्रोतहरूबाट शब्द ग्रहण गरेको छ । शब्दको अर्थ र तात्पर्य विचार नगरी लेखिएका पाठ्यपुस्तकहरूउपयुक्त नहुन सक्दछन् । यस अध्ययनमा कक्षा १० (दश) को नेपाली पाठ्यपुस्तकमा निबन्ध विधालाई आधार बनाई

त्यस विधामा प्रयुक्त तत्सम शब्दहरूलाई निम्नलिखित समस्याका रुपमा लिई अध्ययन गरिनेछ :–

(क) नेपाली पाठ्यपुस्तको निवन्ध विधामा के-कस्ता तत्सम शब्दहरू प्रयोग भएका छन् ?

(ख) निबन्धको सैद्धान्तिक स्वरुप के - कस्तो छ ?

(ग) स्रोतको दृष्टिले शब्दहरूलाई के - कसरी वर्गीकरण  गर्न सकिन्छ ?

## १.३ अध्ययनको औचित्य र महत्व

यस शोधकार्यमा कक्षा दशको नेपाली पाठ्यपुस्तक भित्र समाविष्ट भएका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको व्यवस्थित अध्ययन गरिएको छ । यस निबन्धमा के कति मात्रमा तत्सम शब्दको प्रयोग गरिएको छ, ती शब्दको निर्माण प्रक्रिया कस्तो रहेको छ, ती शब्द कुन-कुन शब्द वर्गमा रहेका छन् ती शब्दहरूकति पटक आवृत्ति भएका छन् भन्ने कुरा यो शोध पत्रमा खोजी गरियो । यस निबन्धमा प्रयोग गरिएका तत्सम शब्दको अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

तत्सम शब्दको प्रयोग बढी भएमा वा तत्सम शब्दको प्रयोगले निबन्धका पाठकहरूमा कतिपय पाठकहरूलाई भाषाको बुझाईमा क्लिष्टता दुर्बोध्यता जस्ता समस्या सम्भाब्य हुने गर्दछ । कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्धमा तत्सम शब्दहरू के कति मात्रामा कसरी प्रयोग भएका छन् र ती निबन्ध शब्दस्रोतको आधारमा स्तरअनुकूल छन् वा छैनन् भन्ने कुराको जानकारी समेत यो शोधकार्यले दिने भएकाले निबन्ध अध्ययन गर्ने विद्यार्थी, अध्यापन गर्ने शिक्षक पाठ्क्रम तथा अन्य सरोकारवालाहरूलाई सहयोग पुऱ्याउने भएकाले यो शोधकार्य महत्वपूर्ण रहेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यो अध्ययन अनुसन्धान निम्न उद्देश्यमा केन्द्रित रहेको छ :-

- निबन्धको सैद्धान्तिक स्वरुपको चर्चा गर्नु ।
- स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण  गरी तत्सम शब्दको स्वरुप पहिल्याउनु ।

- कक्षा १० को नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु ।

## १.५ अध्ययनको परिसीमा

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०८० सालमा प्रकाशित कक्षा दशको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा केन्द्रित रहेको छ । यस शोध प्रस्तावको सीमाहरू निम्नलिखित रहेका छन् ।

- निबन्धको सैद्धान्तिक स्वरुपको पहिचान गर्नु ,
- स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण गरी तत्सम शब्दको स्वरुप पहिल्याउनु ,
- कक्षा १० को नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु ।

## १.६ पारिभाषिक शब्द

तत्सम शब्द : संस्कृत भाषाबाट जस्ताको त्यस्तै अर्थात रुप परिवर्तन नगरी नेपाली भाषामा आएका शब्दहरू,

उपसर्ग : मूल शब्द को अगाडि जोडिने सर्ग,

प्रत्यय : मूल शब्दको पछाडि जोडिने सर्ग,

समास : दुई शब्दहरू जोडिएर नयाँ शब्द निर्माण हुने प्रक्रिया,

द्वित्व : एउटै शब्द दोहोरिएर नयाँ शब्द निर्माण हुन प्रक्रिया,

व्युत्पत्ति : शब्दको बनोट वा रचना,

आवृति : शब्द दोहोरिनु,

भाषा पाठ्यपुस्तक : भाषा शिक्षणमा प्रयोग हुने पुस्तक,

## १.७ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधप्रस्तावको रुपरेखा निम्नअनुसार रहेको छ :–

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्व कार्यको समीक्षा

अध्याय तीन : विधि र प्रक्रिया

अध्याय चार : नतिजा/परिणाम

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ सूची

परिशिष्ट

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा :–

साहित्यको गद्य र पद्य भेदमध्ये निबन्ध गद्य अन्तर्गत पर्ने महत्वपूर्ण विधा हो । सुरुमा पद्यलाई मात्र साहित्य मानिन्थ्यो पछि गद्यले पनि साहित्यिक स्वरुप प्राप्त गरेपछि निबन्धले गद्य विधाका रुपमा साहित्यिक स्वरुप प्राप्त गऱ्यो । पूर्व र पश्चिम दुवैतिर प्राचिन काल देखि नै निबन्ध शब्दको विभिन्न अर्थमा प्रयोग हुदै आएको पाइन्छ, (ज्ञवाली र अन्य २०६६ : १३८) प्रस्तुत शोधसँग सम्बन्धित अनुसन्धान निम्नानुसार रहेका छन् ।

यादव (२०७०) मा "स्नातक तह प्रथम वर्षको अनिबार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्द हरूको अध्ययन" शीर्षकमा शिक्षा शास्त्र संकाय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो बर्षको नेपा.शि ५९८ को पाठ्यांशको आशिंक आवश्यकता परिपूर्ति प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरुपको चर्चा गरिएको छ । स्रोतका दृष्टिले शब्दको वर्गीकरण गरी तत्सम शब्दको स्वरुप पहिल्याउनु, पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि जस्ता अध्ययन विधिको माध्यमबाट निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रमा कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट भएका तत्सम शब्दको अध्ययन गर्दा नाम शब्द बर्गका सबैभन्दा बढी तत्सम शब्द प्रयोग भएको पाइन्छ ।

नेम्वाङ्ग (२०७१) द्वारा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा शिक्षाशास्त्र संङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो बर्षको नेपा. शि ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्ति प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोध प्रस्तावको उद्देश्यमा कथाको सैद्धान्तिक स्वरुपको अध्ययन गर्नु , स्रोतका दृष्टिले शब्दको वर्गीकरण गर्नु , नेपाली भाषाको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको र पुस्तकालयीय विधि, छलफल विधि, विश्लेषण जस्ता विधिको प्रयोग गरिएको छ ।

खड्का (२०६७) ले कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द हरूको अध्ययन शीर्षकमा स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका लागि

शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ११ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग गरिएको तत्सम शब्दहरूको अध्ययन गरिएको छ । तत्सम शब्द हरूको अर्थ, व्युत्पत्ति पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गरिएको छ । यो शोधकार्य महत्वपूर्ण अनुसन्धानको रुपमा रहेकाले पछिल्ला अनुसन्धान कार्यका लागि पनि स्रोत सामग्रीको रुपमा लिन सकिन्छ (खड्का, २०६७ : ९२)

बस्नेत (२०७१) द्वारा " स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द " शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड दोस्रो बर्षको नेपा. शि ५९८ पाठ्यांशको आशिंक आवश्यकता परिपूर्तिको लागि शोधप्रस्ताव तयार पारिएको देखिन्छ । तत्सम शब्दको वर्गीकरण र शब्दको संक्षिप्त परिचय दिनु, स्नातक अनिबार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द को विश्लेषण गर्नु, कथा विधामा उपसर्ग र प्रत्ययको विधामा समास र द्वित्व शब्दको निर्माण प्रक्रिया पहिचान गर्नु जस्ता उद्देश्य राखिएको सो शोधपत्रमा मुख्य रुपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा तत्सम शब्दको शब्दबर्ग छुट्याउनका साथै शब्दको निर्माण प्रक्रिया, अर्थ तथा पाठ र पृष्ठ सङ्ख्या उल्लेख गरिएको छ । स्नातक तहको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको यो शोधपत्र स्नातक तहमा अध्ययन गरिरहेका विधार्थी र शिक्षक बर्गका लागि समेत उपयोगी देखिन्छ ( बस्नेत, २०७१ : पृ ५६)

भट्टराई (२०६६) द्वारा "कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन" शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गतको विश्वविद्यालय क्याम्पस नेपाली शिक्षा विभागबाट स्नातकोत्तर दोस्रो वर्षको ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनार्थ यो शोधकार्य सम्पन्न भएको पाईन्छ । कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा रहेका तत्सम शब्दहरूपहिल्याउनु, ती शब्दको पदबर्ग छुट्याउनु, शब्द निर्माणमा सर्ग स्थिति देखाउनु जस्ता उद्देश्य राखिएको उक्त शोधपत्रमा मुख्य रुपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्र अनुसार कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका ८३३५ शब्द मध्ये अनावृत्त शब्द संख्या १८५० ले २२.१९ प्रतिशत अनाबृत्त शब्दहरूरहेको बताउँछ । ती शब्दहरूमा उपसर्ग लागेको २० प्रतिशत, प्रत्यय लागेका ३८ प्रतिशत तत्सम शब्द भएको कुरा उल्लेख गरिएको छ । कक्षा पाँचको स्तर अनुसार भाषाको स्तरियता र शब्दभण्डारको बिकासका

लागि अनाबृत्त तत्सम शब्दलाई ३५ प्रतिशत सम्म बनाउनु पर्ने देखिएता पति तह अनुसार तत्समको प्रयोग भने सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ। ( भट्टराई, २०६६ : पृष्ठ ५१ र ५२ )

बस्नेत (२०७१) द्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड दोस्रो बर्षको नेपा. शि ५९८ पाठ्यांशको आशिंक आवश्यकता परिपूर्ति प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ। जसमा तत्सम शब्दहरूकुन प्रबृतिका हुने, तत्सम शब्दलाई कुन क्रममा राख्ने, तत्सम शब्दको स्तर र बिधार्थीको स्तर के कसरी मिलाउने जस्ता विषयमा शोधकार्य गरेका छन् । कथा विधामा तत्सम शब्द सरल प्रकृतिका हुनुपर्ने र ती शब्दलाई बिद्यार्थीले स्तर अनुसार प्रयोग गरेर शब्द स्तम्भमा राख्नुपर्ने जस्ता उद्देश्य बस्नेतको शोधपत्रमा रहेको देखिन्छ । तत्सम शब्दलाई सरलबाट जटिलको क्रममा राखेर बिद्यार्थीको स्तरको समेत पहिचान गर्न सरोकारवालालाई सुझाब पनि दिएका छन् । शब्दको अर्थ, पृष्ठ बनोट प्रक्रिया सम्पूर्ण कुरा देखाएको सो शोधपत्रमा पुस्तकालयीय तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइन्छ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

यस शोध लेखनका क्रममा माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तक भित्र समाविष्ट भएका निबन्ध विधामा तत्सम शब्दको अध्ययन हाल सम्म कसैले अध्ययन नगरेको शीर्षकमा अनुसन्धान गरिनु आवश्यक रहेको पुष्टि हुन्छ । यस भन्दा अगाडि शब्दभण्डारको क्षेत्रमा धेरै अनुसन्धान भएका छन् । ती अनुसन्धानहरू मध्ये :

यादब (२०७०) द्वारा स्नातक तह प्रथम वर्षको अनिबार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययनबाट शोधको रुपरेखा निर्माण भएको,

नेम्बाङ (२०७१) ले कक्षा नौ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शोधबाट सैद्धान्तिक र धारणात्मक संरचना निर्माण र पुस्तकालयीय र छलफल विधिको प्रयोग,

बस्नेत ( २०७१) ले स्नातक तहको अनिबार्य नेपालीको कथा शोधबाट शब्दको निर्माण प्रक्रिया अर्थ तथा व्याख्या विश्लेषण कार्य,

भट्टराई (२०६६) ले कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दमा बनोट प्रक्रिया छुट्याएको तथा पुस्तकालयीय विधिको प्रयोग,

बस्नेत ( २०७१) द्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा तत्सम शब्दको ब्याख्या विश्लेषण निर्माण,

खड्का (२०६७) ले कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति पाठ र पृष्ठ सङ्ख्यामा खोज अनुसन्धान,

यो २०८० सालमा प्रकाशित कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तको निवन्ध विधामा प्रयुक्त तत्सम शब्दमा केन्द्रीत भई हालसम्म कसैले पनी अध्ययन नगरेको हुँदा यो अध्ययन गरिएको हो ।

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

शब्द भाषाको अर्थपूर्ण एकाई हो । भाषिक प्रयोगमा शब्दको विशिष्ट भुमिका रहन्छ । यसले भाषाको बोध तथा अभिव्यक्ति प्रक्रियामा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । संस्कृत भाषाबाट रुप र अर्थमा कुनै परिबर्तन नभई जस्ताको त्यस्तै (तत् समान)  नेपालीमा प्रयोग गरिनु तत्सम हो ।जस्तै : प्रज्ञा, ऋषि, अञ्जलि, कीर्ति, संयोग, तीर्थ, कीर्ण, संरचना, संयम, सम्पूर्ण, बिकल्प, सङकीर्ण, दर्शन, विद्वान् । नेपाली भाषाको जननी संस्कृत भाषा भएकाले संस्कृत भाषाको नेपाली भाषामा निकै ठूलो प्रभाव छ ।

यस शोधपत्र तयार गर्नका लागि पूर्व अनुसन्धानहरूलाई सूक्ष्म रुपमा अध्ययन गर्दै पूर्ण रुपमा तयार पार्न तत्सम शब्द पहिल्याउने वा जनाउने तपसिलका सिद्धान्तहरू लाई आधार मानिएको छ ।

१. श, ष, ञ, ण, क्ष, त्र, ज्ञ : यी सातवटा लागेका शब्दहरू । जस्तै : कञ्चन, ब्यञ्जन, सञ्जय, कृष्ण, शोभा, बर्षा, त्रिशुल आदि ) ।

२. शिरबिन्दु ( ं) लागेका शब्दहरू जस्तै : संयोग, संयम, संरचना, संलग्न, संवाद, संसार  आदि) ।

३. रेफ ( र्) भन्दा अगाडि दीर्घ आउने शब्द जस्तै : तीर्थ, जीर्ण, कीर्ण, पूर्ण, पूर्ब, दीर्घ, चूर्ण आदि ) ।

४. व लेखिएका तर ब उच्चारण हुने शब्द जस्तै : वातावरण, वन, विजय, विशाल, विनाश आदि ) ।

५. सम्, अभि, अति, उप, अनु, जस्ता उपसर्ग लागेका शब्द पनि तत्सम हुन्छन् : जस्तै सम्पूर्ण, सन्ताप, अभिञ्जय आदि ) ।

**क) स्रोतका आधारमा शब्द वर्गीकरण**

नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरू प्रशस्त छन् । ती विभिन्न स्रोतहरूबाट आएका हुन्छन् । नेपाली भाषाको शब्दभण्डारलाई हेर्दा यसमा नेपाली भाषाका आफ्नै शब्द लगायत विभिन्न भाषाहरूबाट आएका धेरै शब्दहरू रहेका छन् । यसरी शब्दभण्डारलाई केलाउदा नेपाली भाषाका शब्दलाई मौलिक र आगन्तुक गरी दुई प्रकारमा विभाजन गर्न स किन्छ ।

**अ) मौलिक शब्द**

नेपाली भाषाको जननीका रुपमा संस्कृत भाषा रहेको छ । संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । मौलिक स्रोतमा पनि तत्सम, तद्भब र देशज गरी तीन प्रकारका शब्दहरू रहेको पाइन्छ ।

- तत्सम शब्द

संस्कृतबाट नेपालीमा जस्ताको त्यस्तै आएका शब्द तत्सम शब्द हुन । तत् र सम दुई शब्द मिलेर तत्सम शब्दको निर्माण भएको हो । जस्मा संस्कृतमा तत् को अर्थ त्यो र सम् को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा तत् समान अर्थात संस्कृत समान नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । संस्कृत भाषाबाट रुप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तेस्तै चलेका शब्द ( जस्तै : आकाश, पृथ्वी, सूर्य , दिन  शब्द तत्सम शब्द हुन् ( ने.बृ.श २०४० : ५८२)

- तद्भव शब्द

संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंश हुदै रुप फेरिएर आएका शब्दलाई तद्भब शब्द भनिन्छ । तद्भबको अर्थ त्यसबाट भएको भन्ने हो । संस्कृत भाषाबाट विभिन्न चरणहरूमा परिवर्तन र विकशित हुदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । ( बराल र एटम, २०६६ : २९) जस्तै :

| **संस्कृत** | **प्राकृत** | **नेपाली** |
|---|---|---|
| अग्नि | अग्गि | आगो |
| कर्म | कम्भ | काम |

- देशज शब्द : नेपाली भाषीहरूले आफैं उब्जाएका शब्दहरू चाहिं देशज शब्द हुन् । ( पौडेल २०६६ : ३४) जस्तै : थपक्क, जुरुक्क, टुपुलुक्क आदि ।

**आ) आगन्तुक शब्द**

संस्कृत भन्दा बाहेकका अन्य भाषाबाट आएर नेपाली भाषामा प्रयोग भएका शब्दहरू आगन्तुक शब्दहरू हुन् । आगन्तुक स्रोतमा भारोपेली परिवार र अभारोपेली परिवारबाट आएका शब्दहरू पर्दछन् । यी दुई प्रकारका छन् :

- देशज

  आफ्नै देशभित्रकै विभिन्न प्रकारका भाषा तथा भाषिकाबाट नेपालीमा मानक भाषामा आएका शब्दहरू देशज आगन्तुक शब्द हुन् (पौडेल, २०६६ : ३४) जस्तै : योमरी, डम्फु, घेवा आदि ।

- विदेशज

  नेपालमा बोलिने अन्य बिदेशी भाषाको सम्पर्क र प्रभावबाट आवागमन भएका शब्दहरू आगन्तुक शब्द हुन् (पौडेल, २०६६ : ३४) जस्तै : जेल, मोटर, कोट, चम्चा आदि ।

तसर्थ माध्यमिक तह कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट भएका निबन्ध विधाको तत्सम शब्दको अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । विभिन्न प्रकारका शब्दहरू मध्ये यस शोधपत्रमा तत्सम शब्दको मात्र अध्ययन गरिएको छ । स्रोतहरूको आधारमा मौलिक शब्द अन्तर्गत तत्सम शब्दको प्रयोगका विभिन्न पक्षहरूलाई केलाई सिकारुका लागि यस्ता शब्दहरू के कतिको बोधगम्य छन्, सिकारुलाई शब्दभण्डार बृद्धि गर्न प्रयोग गर्न के कस्तो खालको सहजता प्रदान गर्न सकिन्छ भन्ने सन्दर्भमा समेत प्रस्तुत शोध कार्यमा

अध्ययन हुने हुँदा यसबाट शोधार्थी तथा अन्य सम्बन्धित पक्षलाई समेत सहयोग पुग्ने देखिन्छ ।

प्रस्तुत शोधपत्र त्रि.बि. शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा शास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाली ५९८ को प्रयोजनार्थ तयार गरिएको छ ।

# अध्याय तीन : विधि र प्रक्रिया

## ३.१ अध्ययनको संरचना

माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको संङ्ख्यात्मक खोज गरिने हुनाले प्रस्तुत शोधपत्र संङ्ख्यात्मक प्रकृतिको रहेको छ । संङ्ख्यात्मक रुपमा तत्सम शब्दहरूको खोजी गरेर ती शब्दहरूको प्रकृति, बनोट, वर्ग, अर्थ, पाठको शीर्षक, पृष्ठ सङ्ख्या र विश्लेषण गर्नुपर्ने हुँदा यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाईएको छ ।

## ३.२ जनसंङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य प्रमाण वा सामग्रीमा आधारित अध्ययन भएकाले निश्चित सामग्री अर्थात जनसंङ्ख्याको अध्ययन विश्लेषणमा आधारित हुन्छ । यस शोधपत्रमा जनसङ्ख्याको रुपमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूलाई लिइएको छ ।

## ३.३ नमूना छनोट प्रक्रिया

अनुसन्धान कार्यलाई कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन नै नमुना छनौटका रुपमा रहेको छ :-

## ३.४ तथ्याङ्क सङकलनका साधनहरू

(क) प्राथमिक स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका पमा माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकलाई लिइएको छ ।

(ख) द्वितीयक स्रोत

यस शोधपत्रमा द्वितीयक स्रोतका साधनहरूको रुपमा नेपाली भाषा व्याकरण, भाषा विज्ञानका पुस्तक, शब्दकोशहरू, शिक्षक सुझावहरू, अप्रकाशित शोधपत्र साथै इन्टरनेटको समेत प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

शोधकार्य सम्पन्नताका लागि तथ्याङक सङकलन गर्न निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधपत्रमा माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरिएको छ । ती तत्सम शब्दहरूको अध्ययन तथा विश्लेषणका निम्ति नेपाली बृहत शब्दकोश र प्रयोगात्मक शब्दकोशको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

कुनै पनि शोधपत्र तयार गर्दा तथ्याङक सङ्कलन पश्चात निश्चित नियम र विधिमा आधारित भई तथ्याङकको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरी नेपाली बृहत् शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दहरूको अर्थ निर्माण प्रक्रिया शब्दवर्गको स्थिति र तत्सम शब्दहरूको अवस्था तथा आवृतिको अध्ययन विश्लेषण गरिएको छ । पाठगत आधारमा तत्सम शब्दहरूको सङ्ख्यात्मक वा वितरण र आवृत्तिको स्थितीलाई तालिकीकरण गरिएको छ ।

पाठ्यपुस्तक निर्माणका आन्तरिक र बाह्य आधार मध्ये यो अध्ययन आन्तरिक आधार अन्तर्गत शब्दभण्डारको नियन्त्रणसँग विशेष रुपमा सम्बन्धित भएकाले शब्दस्रोतका आधारमा तत्सम वर्गका शब्द पहिचान, निर्माण, पदवर्ग, निर्धारण र आवृत्ति गणना गरी विद्वान् निर्देशकहरुसँग विशेषज्ञहरुसँग परामर्श समेत लिई यो अध्ययन पुरा गरिएको छ ।

# अध्याय चार : नतिजा/परिणाम

## ४.१ नतिजा/परिणाम

नेपाली पाठ्यपुस्तकका लेखक तथा सङ्कलकहरूद्वारा सङ्कलित एवम् सम्पादित स्वास्थ्य उपचारमा आयुर्वेद उपचार पद्दतिको महत्व, फाइदा र यसका सीमाहरूलाई विषयवस्तुका रुपमा उठाइएको स्वास्थ्य क्षेत्रसँग सम्बन्धित खोजमूलक उत्कृष्ट वस्तुपरक निबन्ध हो । एलोप्याथी र आयुर्वेदिक उपचारात्मक पद्दतिको विश्लेषण गर्दै आयुर्वेद उत्तम रहेको निचोड प्रस्तुत 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धमा उल्लेख गरिएको पाइन्छ ।

प्रस्तुत 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धमा तुलनात्मक रुपमा तद्भव शब्दकै बढी मात्रामा प्रयोग भएको पाइन्छ । यस निबन्धमा प्रयोग भएका तत्सम शब्दहरूलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

चिकित्सा बिज्ञान र आयुर्वेद चिकित्सा निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

**तालिका नं. १**

| क्र.सं | शब्द | बनोट/ब्युत्पत्ति | शब्द | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | शारीरिक | शरीर + (इक) | वि | शरीरसँग सम्बन्ध राख्ने, शरीरबाट पैदा भएको कायिक देहसम्बन्धी | २५ |
| २ | शक्ति | शक् + क्तिन | ना | तन, मन वा धनका रुपमा रहने सामर्थ्य, योग्यता, पराक्रम, उत्साह र क्षमतावान उर्जाबाट प्राप्त हुने शक्ति | २५ |
| ३ | विरुद्ध | बि + रुध + क्त | वि | कुनै बिचार, मत, सिद्धान्त, ईच्छा आदि सँग मेल नखाने किसिमको, कुनै पनि कुरालाई विरोध गरिएको प्रतिकूल उल्टो । | २५ |
| ४ | शमन | शम् + णिचि + न्यू | ना | कुनै बाधा, विकार आदीलाई शान्त पार्ने काम, कुनै पनि कुराको अन्त्य समाप्ति | २५ |
| ५ | चिकित्सा | मूल शब्द | ना | औषधी गर्ने घर, ठाउँ वा अस्पताल | २५ |
| ६ | विज्ञान | मूल | ना | भौतिक बिषयको तत्व, सिद्धान्त आदिको प्रयोगात्मक विवेचना गरिएको शास्त्र | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | आयुर्वेद | बिद् + घञ् (अ) | ना | आयुर्वेद शास्त्र, रसादि औषधीको प्रयोग गरिने र शल्यक्रिया आदिका उपायद्वारा पनि चिकित्सा गरिने प्रसिद्ध प्राचीन चिकित्सा शास्त्र । | २५ |
| ८ | पाश्चात्य | मूल | वि | सुदूर पश्चिमका देशसित सम्बन्ध राख्ने वा सुदूर पश्चिमी देशमा बस्ने मानिस । | २५ |
| ९ | पूर्विय | पूर्व + छ (ईय) | वि | पूर्वमा भएको वा पूर्व दिशा सम्बन्धी, पूर्वमा जन्मेको | २५ |
| १० | वैदिक | वेद + ठक (ईक) | वि | वेद पढ्ने वा जान्ने व्यक्ति, वेदहरूबाट उत्पन्न भएको वेद, विहित, वेद सम्बन्धी काम | २५ |
| ११ | प्राच्य | प्राची + यत् | वि | संस्कृत भाषाको सबैभन्दा पूर्वमा बोलिने कथ्यरुप, मागधी आदि पूर्बीय प्राकृत भाषाहरूको पूर्वरुप | २५ |
| १२ | शब्द | शप् + दन् | ना | अनुभूत विषयबस्तुलाई व्यक्त गरिने वर्णनात्मक वा ध्वन्यात्मक ध्वनि, वर्ण वा वर्ण समूहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि | २५ |
| १३ | समाविष्ट | सम् + आ + विश् + त | वि | समावेश वा सामेल गरिएको, अर्को भित्र समावेश भएको, राम्ररी अटाएको | २५ |
| १४ | व्यापक | वि + आप् + अक | वि | आफ्नो चारैतिर फैलिएको, सर्वत्र फिजिएको, चारैतिर प्रभाब पार्ने, अत्यन्त ठूलो | २५ |
| १५ | स्वास्थ्य | स्वस्थ + य | ना | स्वस्थ्य वा निरोगी रहनाको भाव, तन्दुरुस्ती, मानसिक उद्गे वा चिन्तारहित अवस्था | २५ |
| १६ | विविध | वि + वि + ध | वि | अनेक प्रकारका अथवा विभिन्न किसिमको, थरीथरीको | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | परीक्षण | मूल | ना | परीक्षा लिने काम सम्बन्धित विषयमा योग्य छ - छैन भनी चौतर्फी मूल्याङ्कन गर्ने काम, जाँच गर्ने काम | २६ |
| १८ | विधि | बि + धा + कि (इ) | ना | कामकुरो गर्ने तरिका, प्रणाली, ढङ्ग, तरिका, धर्मशास्त्र वा प्रामाणिक ग्रन्थहरूमा बताइएको शास्त्रीय नियम | २६ |
| १९ | वेद | विद् + घञ् | ना | आर्यहरूका धर्म आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएका, सर्व प्राचीन र सर्वाधिक मान्य आर्य ग्रन्थ, हिन्दुहरूका धार्मिक ग्रन्थ | २६ |
| २० | शाब्दिक | शब्द + इक | वि | शब्दद्वारा व्यक्त गरिएको वा भनिएको मौखिक | २६ |
| २१ | ज्ञान | मूल | ना | मन वा आत्मालाई हुने कुनै विषयको बोध, जानकारी, ज्ञानेन्द्रियद्वारा प्राप्त अनुभव, ज्ञान, मान्यजनबाट प्राप्त गर्ने ज्ञान, अनुभव | २६ |
| २२ | जीवन | मूल | ना | प्राणीहरूको जन्मदेखि मृत्युसम्मको समय, बाँच्ने ढङ्ग वा बचाउने शक्ति, जिउँदोपन | २६ |
| २३ | शरीर | मूल | ना | हाड, मासु, रगत आदिले युक्त प्राणीका सम्पूर्ण अङ्गको समूह, कुनै पनि वस्तुका सबै अङ्गले युक्त पार्थिब रुप | २६ |
| २४ | नियन्त्रण | मूल | ना | नियम वा बन्धनमा राख्ने काम, व्यवस्थित स्थिती वा अनुशासन पूर्वकको अधीनता, शक्ति प्रयोगबाट हुने वा गरिने अशान्त स्थितिको दमन | २६ |
| २५ | पोषण | मूल | ना | स्वास्थ्य भोजन र अन्य सुख सुविधा प्रदान गरेर आनन्दपूर्वक जीवन बिताउन कसैलाई सहायता पुऱ्याउने काम, पालन गर्ने काम | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | शिक्षा | शिक्ष + टाप् (आ) | ना | बिद्यालय वा घरैमा पनि नियमित रुपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने काम, कुनै कुराको उचित तालिम वा अर्ती उपदेश, ज्ञान दिने वा लिने काम | २६ |
| २७ | प्राकृतिक | प्रकृति + इक | वि | प्रकृति सम्बन्धी, प्रकृतिबाट उत्पन्न भएको भौतिक रुप | २६ |
| २८ | उपचार | उप + चर + घञ | ना | बिरामीका छेउमा रहेर रोग निको पार्नका निम्ति गरिने उपाय, बिरामीको सेवा, इलाज | २६ |
| २९ | प्रचलित | प्र + चल् + क्त | वि | प्रचलनमा रहेको वा आएको, चलनचल्तीको नाप तौल, लेखा - जोखा मान्यता | २६ |
| ३० | प्राचीन | प्राच + ईन | वि | धेरै पुरानो, धेरै पहिलेको | २६ |
| ३१ | पद्धति | पाद + हन + ति | ना | बाटो, मार्ग वा कुनै काम गर्ने सिलसिलामा नियम कार्यप्रणाली, कुनै कर्म वा संस्कारको विधिविधान लेखिएको पुस्तक | २६ |
| ३२ | शासन | मूल | ना | सरकारले गर्ने कुनै देशको प्रबन्ध तथा सञ्चालन सम्बन्धी काम, अनुशासन वा मर्यादा पालन गराउने काम, आज्ञा, आदेश, कसैलाई दिईने लिखित अधिकार | २६ |
| ३३ | सदृश | मूल | वि | उस्तै देखिने, एकनासे,समान रुप | २६ |
| ३४ | लक्षण | लक्ष + ल्युट + (अन्) | ना | कुनै वस्तु चिन्ने वा थाहा पाउने विशेष चिन्ह वा गुण | २६ |
| ३५ | विष | मूल | ना | स्वास्थ्य वा सुखशान्तिलाई हानि नोक्सानी पुऱ्याउने कुरा, खाएमा वा कुनै किसिकले थोरै मात्रा पनि शरीरभित्र गएमा डरलाग्दो रोग वा विकार पैदा गराउने र अन्त्यमा ज्यान समेत लिन सक्ने घातक वस्तु | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | वैकल्पिक | विकल्प + इक | वि | पहिले छानिएको व्यक्ति, वस्तु आदि नपाइएमा सो ठाउँमा प्रयोग गरिने वा प्रयोग गर्न सकिने समकक्ष स्तरको अर्को सदस्य वा व्यक्ति | २६ |
| ३७ | रोग | रुज् + घञ (अ) | ना | शरीर अस्वस्थ हुने शारीरिक विकार, व्यथा, बिरामी | २७ |
| ३८ | शास्त्र | मूल | ना | यथार्थ वा वास्तकि ज्ञान, कुनै बिषय सम्बन्धी आबश्यक तथा गूढ र ज्ञातब्य कुरा क्रम पूर्वक लेखिएको ग्रन्थ, विद्या | २७ |
| ३९ | प्रणाली | प्रणाल + ङीप् | ना | ठूलठूला दुई जलमार्गलाई जोड्ने सानो जलस्रोत, कुनै काम गर्ने विधि, पद्धति, प्रथा, परम्परा | २७ |
| ४० | आधुनिक | अधुना + इक | | हालसालको, आजकालको, बर्तमान समयको नयाँ चलेका चलन | २७ |
| ४१ | शाखा | शाख् + आ | ना | मूल फेदबाट माथि गएर फाटेको रुखको सानो अङ्ग, हाँगो। कुनै पनि मूल भाग वा वस्तुबाट निस्केको अङ्ग वा अवयव, कुनै संस्था,कार्यालय आदि अन्तर्गतको सुबिस्ताका निम्ति टाढा रहेको सङ्गठन | २७ |
| ४२ | अष्टाङ्ग | मूल | ना | औषधीको नाम | २७ |
| ४३ | मानब | मनु + अण् (अ) | ना | मानिस, मनुष्य | २७ |
| ४४ | अङ्ग | मूल | ना | कुनै सिङ्गो बस्तु, प्रणाली वा संरचनाका अवयव वा हिस्सा, शरीरका भिन्न भिन्न भाग | २७ |
| ४५ | वर्णन | वर्ण + अन | ना | कुनै कुराको वर्णन गर्ने काम, कुनै कुरा विस्तारपूर्वक भन्ने काम, बयान | २७ |
| ४६ | शल्य | शल् + य | ना | चिरफार गर्ने हतियार (कैंची,छुरा,सुइरो आदि) | २७ |
| ४७ | शालाक्य | शाल् + अय | ना | टाउकाको मात्र चिकित्साको व्यवस्था भएको आयुर्बेदिक शल्य, चिकित्सा शास्त्रको एक विभाग | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | पञ्च | मूल | ना | पाँचको सङ्ख्या, पाँच वा त्यसभन्दा बढी भलादमीहरूको समुदाय | २७ |
| ४९ | कर्म | मूल | ना | काम - कार्य, वैदिक वा लौकिक संस्कार | २७ |
| ५० | विशिष्ट | वि + शिष् + क्त | वि | अरुभन्दा बिशेष किसिमको बिशेषता भएको, माथिल्ले तहको असाधारण | २७ |
| ५१ | काय | क + अण् (अ) | ना | जीउ, आङ, शरीर, देह | २७ |
| ५२ | आत्मा | अत् + मनिण् (मन्) | ना | शरीर रहेमा त्यसलाई जीवित राख्ने र क्रियाशील बनाउने तथा नरहेमा निस्क्रिय वा मुर्दा बनाउने अविनाशी र अभौतिक शक्ति, जीवात्मा । | २७ |
| ५३ | पक्ष | पक्ष + अ | ना | सहायक वा कुनै समान बर्गको जमात, तिर, तर्फ, कुनै बस्तुको आधा भाग, कसैको पक्ष लिने काम | २७ |
| ५४ | मन | मन् + असुन् | ना | प्राणीहरूको अनुभब, इन्छा, बोध, विचार आदिलाई नियन्त्रित तथा परिचालित गर्ने इन्द्रिय, इच्छा । | २७ |
| ५५ | पूर्ण | पृ+ क्त | वि | सिङ्गो, पुराभएको खण्डित वा कुण्ठित नभएको | २७ |
| ५६ | प्रकृति | प्र + कृ + क्तिन्<br>प्र + कृ + ति | ना | ब्यक्ति वा वस्तुको मूलभूत बिशेषता, ब्यक्ति वा प्राणीको जन्मैदेखि बसेको लत, स्वभाब, पराप्रकृति | २७ |
| ५७ | प्रदान | प्र + दान | ना | कसैलाई कुनै बस्तु वा कुरा दिने काम, दान | २७ |
| ५८ | स्वस्थ | मूल | वि | शारीरिक तथा मानसिक रुपले ठीक रहेको ब्यक्ति वा प्राणस्, तन्दुरुस्त, निरोगी | २७ |
| ५९ | विकास | वि + कस् + अ<br>वि + कस् + घञ् | ना | सुधारिदै गएको स्थिती, उत्तरोत्तर प्रगति, क्रमिक परिबर्तन भएको, उन्नति | २७ |
| ६० | विहार | वि + हार | ना | आफूखुसी एक्लै वा मित्रजनका साथ घुमफिर गर्ने काम | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | औषधि | मूल | ना | रोग निको पार्न वा शरीर तन्दुरुस्त पार्ने वस्तु, ओखती, उपाय, प्रयत्न | २७ |
| ६२ | बिशेषता | बिशेष + त + आ | ना | बिशेष हुनाको भाव वा अवस्था, असामान्यता, असाधारणता | २८ |
| ६३ | व्यक्ति | वि + अञ्ज् + ति | ना | अरुभन्दा छुट्टै अस्तित्व भएको प्राणी, मानिस | २८ |
| ६४ | दक्ष | दक्ष् + अच् | वि | योग्य, सक्षम, सिपालु, कुनैपनि कामको लागि योग्य ठानिने व्यक्ति | २८ |
| ६५ | मलमूत्र | मूल | ना | नाइट्रोजन मल | २८ |
| ६६ | परीक्षा | परि + ईक्ष् + अ | ना | जाँच गर्ने काम, योग्यता, बिशेषता, सामर्थ्य गुण आदिको स्तर निर्णय गर्नका निम्ति ठीकसित पारख गर्ने काम | २८ |
| ६७ | विकृति | वि + कृ+ ति | ना | विकार, स्वाभाविक रुपबाट विकार पैदा हुने काम | २८ |
| ६८ | व्यायाम | वि + आ + यम् + अ | ना | शरीरलाई स्वस्थ तथा तन्दुरुस्त बनाउन र शक्ति तथा स्फूर्ति प्राप्त गर्न नियमित रुपमा गरिने शारीरिक कसरत । | २८ |
| ६९ | प्रयास | प्र + यस् + अ | ना | आफूले चाहेको कुरो हासिल गर्न गरिने कामकारबाही, परिश्रम, कोसिस । | २८ |
| ७० | विरेचन | वि + रिच् + अन | ना | पेटको कसरमसर फ्याँक्ने गरी दिसा लगाउने काम, पेट सफा गराउने औषधी | २८ |
| ७१ | वस्ति | वस् + ति | ना | नाइटादेखि उँधो रहेको पेटको भाग | २८ |
| ७२ | त्रिदोष | मूल | ना | शरीरमा हुने वात, पित्त र कफ यी तीन दोष, पित्त र कफको प्रकोपबाट हुने रोग | २८ |
| ७३ | स्थान | मूल | ना | कुनै वस्तु अडिने आधार, ठाउँ, थलो | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४ | शैक्षिक | शिक्षा + इक | वि | शिक्षासँग सम्बन्ध राख्ने, शिक्षा सम्बन्धी बिषय जान्ने, शिक्षाशास्त्रको ज्ञाता | २९ |
| ७५ | संस्कृत | सम् + कृत | वि | पूर्वीय आचार्यहरूले ज्ञान गरिमा आदि अनेक विषयहरू सृजना गरेको प्राचीन भाषा | २९ |
| ७६ | विश्वविद्यालय | च.त.स./ ष.त.स. | ना | विश्वका विभिन्न विषय वा विभिन्न किसिमका शास्त्रको उच्च कोटिको शिक्षा प्रदान गर्ने, सम्बन्धित बिषयमा विद्यार्थीहरूको परीक्षा लिने र उपाधि प्रदान गर्ने शिक्षाको सर्वोच्च संस्थान | २९ |
| ७७ | अध्ययन | मूल | ना | पढ्ने काम, कुनै विषयको जानकारीका निम्ति सो बिषयलाई बुझ्ने | २९ |
| ७८ | परिषद् | परि + सद् | ना | सभा, समिति, प्राचीन कालमा राजाहरूद्वारा अत्यावश्यक काममा बोलाइने विशिष्ट सभा | २९ |
| ७९ | अनुगमन | मूल | ना | कसैका पछिपछि लाग्ने, कुनै पद्धतिको अनुसरण गर्ने, सकैका नजिकमा जाने वा कसैको सहयोगी हुने काम, अनुगमन | २९ |
| ८० | गुणस्तर | ष + त + स | ना | कुनै वस्तु वा पदार्थमा रहेको गुणको मात्र, त्यस्तो गुणको मुल्याङ्कन गरी निर्धारण गरिने स्तर | २९ |
| ८१ | पनि | मूल | क्रि.बि | समेत, सहित, लगायत | २९ |
| ८२ | नियन्त्रण | मूल | ना | नियम वा बन्धनमा राख्ने काम, व्यवस्थित स्थिति वा अनुशासन पूर्वकको अधीनता | २९ |
| ८३ | व्यवस्थापन | मूल | ना | कुनै कामकुराको व्यवस्था वा प्रबन्ध मिलाउने काम, कुनै विषयमा नियम कानुन बनाउने काम वा विधि | २९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८४ | सङ्गठन | मूल शब्द | ना | आबश्यक व्यक्तिहरू वा विभिन्न तत्वलाई एकत्रित गरी समान उद्देश्य, हकहित आदिमा प्रवृत्त र संलग्न गराउने काम | २९ |
| ८५ | दुर्घटना | घट् + णिचि + युच् | ना | कुनै व्यक्ति वा वस्तुको हानि वा क्षति हुने, आकस्मिक घटना, हानि नोक्सानी, क्षति | २९ |
| ८६ | संयन्त्र | सम् + यम् + त्र | ना | ठूल-ठूला काम गर्ने, विशेष यन्त्र, इन्जिन, साधारण कामका यन्त्रहरू बनाउने ठूलो यन्त्र, मेसिन | २९ |
| ८७ | वैद्य | विद्या + अण् + अ | ना | आयुर्वेदीक विधि अनुसार रोगको निदान गर्ने वा रोगीको औषधी उपचार गर्ने व्यक्ति, आयुर्वेदीक चिकित्साविधिको ज्ञाता | २९ |
| ८८ | सीमा | मूल | ना | कुनै ठाउँ, देश, जिल्ला वा देशका चारैतिरका बिस्तारको अन्तिम रेखा, सिमाना, साँध | २९ |
| ८९ | विशेषज्ञ | विशेष + ज्ञा | वि | कुनै बिषय विशेष रुपले जान्ने वा त्यस विषयमा सामान्यत अरुको भन्दा बढी ज्ञान भएको, कुनै काम कुरामा विशेषता भएको | २९ |
| ९० | विश्व | विश् + व | ना | सम्पूर्ण सृष्टि, ब्रम्हाण्ड, संसार जगत | २९ |
| ९१ | विभाग | वि+भज् + णिचि (अ) | ना | एकएक गरी अलग्याउने वा बाँड्ने काम, विभाजन, छुट्ट्याउनेवा अलगअलग पार्ने काम | २९ |
| ९२ | स्वीकृति | स्वी + कृ+ क्तिन् (ति) | ना | स्वीकार गर्ने भाव वा क्रिया | २९ |
| ९३ | अर्थात् | मूल | संयो | कुनै प्रसङ्गको विशेष विवरण दिँदा वा स्पष्टीकरण दिँदा प्रयोग गरिने शब्द | २९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४ | प्रविधि | प्र + वि + धा + कि | ना | पद्वति, सीप, ढङ्ग वा कौशल, कुनै काम गर्दा अनुभब तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया | २९ |
| ९५ | उपकरण | मूल | ना | कामकाज गर्ने सरसामान, औजार, सामग्री | २९ |
| ९६ | समय | मूल | ना | घडी, पला, दिन-रात, गते, तिथि, वार, साता आदि नामले बुझिने वा तिनको परिणति जनाउने गतिमय अवस्था | २९ |
| ९७ | अभाव | भू + घञ् | ना | नहुनाको भाव वा स्थिति, अप्राप्ति | २९ |
| ९८ | घातक | घात् + अक | वि | घात गर्ने, प्रहार गर्ने, हानिकारक | २९ |
| ९९ | नकारात्मक | मूल | वि | कुनै काम वा कुरो नमान्ने वा नगर्ने किसिमको, अस्वीकृति मूलक | २९ |
| १०० | सर्वोत्तम | मूल | वि | सबैभन्दा उत्तम, सर्वोत्कृष्ट | २९ |
| १०१ | उपाय | उप + इ + (अ) | ना | कुनै असजिलो वा अप्ठेरो काम सजिलोसँग गर्ने युक्ति, सफलताका नजिक पुऱ्याउने मुख्य कुरो | ३० |
| १०२ | निरोगी | मूल | वि | रोग नभएको, स्वस्थ | ३० |
| १०३ | जीवन | जीव् + अन | ना | प्राणीको जन्मेदेखि मृत्यु सम्मको जीन्दगी, प्राणवान अवस्था, बाँच्ने ढङ्ग वा बचाउने शक्ति | ३० |
| १०४ | सुखी | सुख + इनि (इन्) | वि | धन, परिवार, स्वस्थ जीवन र इष्टमित्र चारैतिरबाट सन्तोष पाएको , आनन्दी | ३० |
| १०५ | साकार | आ + कृ+ घञ् | वि | आकार वा स्वरुप भएको, आकृतियुक्त, कार्यरुपमा परिणत भएको वा गरिएको | ३० |
| १०६ | प्रयोग | प्र + युज् + अ<br>प्र + युज् + घञ् + (अ) | ना | कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य, उपयोग, नीति, नियम, सिद्धान्त आदिको स्थापना गरी कार्य रुपमा ल्याउने प्रक्रिया | ३० |

नेपाली पाठ्यपुस्तकका लेखक तथा सङ्कलकद्वारा सङ्कलित एवम् सम्पादित गरिएर लेखिएको 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धमा जम्मा १३५२ शब्दहरू प्रयोग भएका छन् भने १०६ ओटा शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका हिसाबले हेर्ने हो भने ७.८४ प्रतिशत तत्सम शब्दको प्रयोग यस निबन्धमा भएको पाइन्छ । यस निबन्धमा पुनरावृत्ति भएका शब्दहरूलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ :-

**पुनरावृत्ति भएका शब्दहरू**

**तालिका नं. २**

| शब्द | पुनरावृत्ति | शब्द | पुनरावृत्ति |
|---|---|---|---|
| शारीरिक | ३ | जीवन | ३ |
| चिकित्सा | ६१ | सङ्गठन | २ |
| विज्ञान | ९ | पद्दति | ८ |
| आयुर्वेद | २८ | विशेषता | ३ |
| स्वस्थ | १० | विश्वविद्यालय | २ |
| स्वास्थ्य | ७ | औषधी | ११ |
| उपचार | ११ | रोग | २६ |
| विष | २ | विविध | २ |
| शब्द | ४ | पूर्वीय | ३ |
| शक्ति | २ | प्रकृति | २ |
| प्रचलित | २ | शालाक्य | २ |
| लक्षण | २ | शास्त्र | २ |
| आधुनिक | ३ | शल्य | २ |
| काय | २ | पक्ष | २ |
| पनि | १२ | अध्ययन | २ |
| परिषद् | २ | शरीर | ८ |

'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धमा ३२ वटा तत्सम शब्दहरू आवृत्ति भएको देखिन्छ । जसमा 'चिकित्सा' शब्द सबैभन्दा धेरै ६१ पटक आवृत्ति भएको देखिन्छ भने 'आयुर्वेद' शब्द २८, रोग शब्द २६, उपचार शब्द ११ पनि शब्द १२, स्वस्थ शब्द १०, विज्ञान शब्द ९, शरीर शब्द ८, पद्दति शब्द ८, स्वास्थ्य शब्द ७, औषधी शब्द ११ पटक आवृत्ति भएको

देखिन्छ । त्यसैगरी शारीरिक,आधुनिक, जीवन, विशेषता, पूर्वीय शब्दहरू ३ पटक मात्र आवृत्ति भएको देखिन्छ भने विष, शब्द, शक्ति, प्रचलित, लक्षण, आधुनिक, काय, परिषद्, सङ्गठन, विश्वविद्यालय, विविध, प्रकृति, शालाक्य, शास्त्र, शल्य, पक्ष, अध्ययन शब्दहरू सबैभन्दा कम २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

### मेरो देशको शिक्षा निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

'मेरो देशको शिक्षा' निबन्ध आत्मपरक निबन्ध हो । यसका रचनाकार यसै पाठ्यपुस्तका लेखक तथा सम्पादक मण्डल हुन् । यसमा प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरिएको छ । शिक्षाले मानिसलाई सैद्वान्तिक र व्यवहारिक ज्ञान दिन्छ, प्रकृति, संस्कृति र सभ्यताका दृष्टिले नेपाल ज्ञानको खानी हो, शिक्षाले हामीलाई सम्मान, खुसीसँगै ज्ञान र सिप दिन्छ भन्ने मुख्य उद्देश्य यस निबन्धमा प्रस्तुत भएको पाइन्छ ।

'मेरो देशको शिक्षा' निबन्धमा तुलनात्मक रुपमा तद्भव शब्दकै बढी प्रयोग भएको देखिन्छ । यस निबन्धमा प्रयोग भएका तत्सम शब्दहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**मेरो देशको शिक्षा' निबन्धको विश्लेषण**

**तालिका नं. ३**

| क.सं | शब्द | बनोट/ब्युत्पत्ति | शब्द वर्ग | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | शिक्षा | शिक्ष् + आ | ना | विद्यालय, महाविद्यालय आदिमा र घरमै पनि नियमित रुपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने काम, ज्ञान दिने वा लिने काम | ११४ |
| २ | मानव | मनु + अण् + अ | ना | मानिस, मनुस्य, मनुका सन्तति, मनुको वंशमा उत्पन्न भएको | ११४ |
| ३ | तेस्रो | मूल | वि | तिस्रे गणनाका क्रमले तीनमा परेको, तृतीय | ११४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | हृदय | मूल | ना | सबै प्राणीको शरीरमा छातीभित्र बायाँतिर हुने, मुटु, अन्तरात्मा | ११४ |
| ५ | नयन | मूल | ना | आँखा, लोचन,नेतृत्व गर्ने काम | ११४ |
| ६ | पृथक | पृथ + अक् | क्रि.बि | अलग्ग, छुट्टै, भिन्न | ११४ |
| ७ | महान् | मह् +अति (अत्) | वि | ठूलो, उच्च, विशाल | ११४ |
| ८ | आर्जन | मूल | ना | खेतीपाती, उद्योग, श्रम, आदिबाट हुने आर्थिक वा अन्य आय, कमाइ | ११४ |
| ९ | अर्थात् | मूल | संयो | कुनै प्रसङ्गको विशेष विवरण दिँदा वा स्पष्टिकरण दिँदा प्रयोग हुने शब्द | ११४ |
| १० | संस्कृत | सम् + कृ + क्तिन् (ति) | ना | कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रुप दिएर चम्किलो, उज्यालो बनाउने काम, संस्कार, कला, साहित्य, भाषा, धर्म, आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम | ११४ |
| ११ | दृष्टि | दृश् + ति | ना | हेरेर ज्ञान प्राप्त गरिने वा जानिने - बुझिने भाव, हेर्ने काम, आँखा, नयन | ११४ |
| १२ | सृष्टि | सृज् + ति | ना | बनाउने वा पैदा गर्ने काम, सिर्जना, संसारको रचना, सम्पूर्ण भौतिक जगत | ११४ |
| १३ | देश | दिश + अ | ना | चारैतिर फैलिई अनेकौं गाउँ, शहर, जिल्ला, अञ्चल, प्रदेश मिलेर बनेको एक विशिष्ट भू-भाग | ११४ |
| १४ | प्रचलित | प्र + चल् + क्ति | वि | प्रचलनमा रहेको वा आएको , चलन चल्तीको नाप, तौल, नियम, मान्यता | ११४ |
| १५ | विश्वास | वि + श्वस् + अ | ना | कुनै काम, कुरो, ब्यक्ति, नीति, आदि प्रति हुने सत्यताको धारणा | ११४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | चिन्तन | मूल | ना | विचार, विम्व, प्रतीक, गम्भीर रुपले सोचेर प्रश्नको समाधान निकाल्ने प्रक्रिया | ११४ |
| १७ | प्रदान | प्र + दान | ना | कसैलाई कुनै वस्तु वा कुरा दिने काम, दान | ११४ |
| १८ | विषय | वि + सि + अच् | ना | ज्ञानेन्द्रियले ग्रहण गरिने पदार्थ, कुनै पनि विचार गरिने कुरो वा वस्तु | ११४ |
| १९ | चेत | चित् + असुन्<br>चित् + अस् | ना | प्राणीमा रहेको चेतनशक्ति, ज्ञान, शक्ति, स्मरण | |
| २० | विज्ञान | मूल | ना | भौतिक बिषयको तत्व, सिद्धान्त आदिको प्रयोगात्मक विवेचना गरिएको शास्त्र, विशिष्ट ज्ञान, विवेक, बुद्धि | ११४ |
| २१ | प्रविधि | प्र + वि + धा + कि | ना | कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिन खास विधि वा प्रक्रिया | ११४ |
| २२ | नवीन | नव् + ईन् | वि | भर्खरको, हालसालैको, नयाँ, नौलो | ११४ |
| २३ | परिस्कृत | परि + कृ+ ति | वि | अपरिस्कृत वस्तुलाई परिस्कार गरिएको, संस्कार गरिएको, शुद्ध पारिएको | ११४ |
| २४ | अनादि | आ + हा + इ | वि | आदि वा सुरु थाहा नभएको वा नहुने, परापूर्वकाल वा सदा देखि चलिआएको | ११४ |
| २५ | विशेषता | विशेष + त + आ | ना | विशेष हुनाको भाब वा अवस्था, असाधारणता, असामान्यता | ११४ |
| २६ | प्रबृत्त | प्र + वृत् + त | वि | कुनै काममा कुशलतापूर्वक लागेको तल्लीन, कुनै कार्यका निम्ति तयार, कुनै कार्य शुरु गरिएको | ११४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | प्राचीन | प्राच् + ईन | वि | धेरै दिन पहिलेको, पूर्वीय, धेरै पुरानो, पुरातन, धेरै पहिलेको समयमा बनेको | ११४ |
| २८ | दर्शन | मूल | ना | कुनै पनि वस्तुलाई हेर्ने काम, कुनै देविदेवताका प्रतिमा आदि वा योगी, महात्मा, सज्जन आदि आफ्ना मान्यजनलाई भक्तिपूर्वक गरिने ढोग र साक्षात्कार, नमस्कार | ११४ |
| २९ | विद्वान् | मूल | वि | धेरै विद्या आर्जन गरेको, ज्यादै शिक्षित, शास्त्रको मर्म बुझ्ने, धेरै लेखपढ गरेको व्यक्ति | ११४ |
| ३० | विदुषी | विद्वस् + ङीप + (ई) | ना | राम्रो पढेलेखेकी स्त्री, विद्वान स्त्री, पण्डिता | ११४ |
| ३१ | शास्त्र | मूल | ना | सम्बन्धित गहन ज्ञानका साथै सर्वसाधारणको कल्याण तथा अनुशासनका नियम विधान लेखिएको वा समष्टि अध्ययनको सञ्चित भण्डार भएको विशेष ग्रन्थ | ११४ |
| ३२ | जीवन | जीव् + अल | ना | प्राणीको जन्मदेखि मृत्युसम्मको समय, शरीरमा प्राण रहेसम्मको अवस्था | ११४ |
| ३३ | जगत् | गम् + अति | ना | गतिशील संसार, विश्व, ब्रहमाण्ड, दुनियाँ, संसार, कुनै पनि जाति वा प्राणीको कार्य क्षेत्र वा समष्टिबोधक शब्द | ११४ |
| ३४ | यथार्थ | मूल | वि | जस्तो हुनुपर्थ्यो त्यस्तै, जस्ताको तस्तै, ठीक, उचित, साँचो, सत्य, वास्तविकता, साँचोपन | ११४ |
| ३५ | तिर्खा | मूल | ना | पानी आदि खाने इच्छा, प्यास, पिपासा, आफूलाई मन परेको वस्तु पाउने तीब्र इच्छा, तिर्सना | ११४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | सिद्धार्थ | सिद्द + अर्थ + अ | ना | शाक्यवंशीय राजा सुद्दोधनका पुत्र | ११४ |
| ३७ | गौतम | गोतम + अ | ना | इन्द्रका साथ अनुचित सम्बन्ध भएका कारणले आफ्नी पत्नी अहल्यालाई श्राप दिएर पछि रामचन्द्रले उद्दार नगरेसम्म पत्थर पारिदिने एक ऋषि | ११४ |
| ३८ | प्राप्त | प्र + आप् + त | वि | भेटेको, भेट्टाइएको, उपलब्ध, उपस्थित | ११४ |
| ३९ | किराँत | मूल | ना | किराँत | ११४ |
| ४० | संवर्धक | सम् + वृध + णिचि + (अक) | ना | संवर्धक बढाउने, हुर्काउने, बृद्धि गराउने, विकसित पार्ने | ११४ |
| ४१ | प्रेरणा | पेर + अन + आ | ना | कसैले कसैलाई कुनै कार्य वा उद्देश्यप्रति प्रवृत्त गराउने क्रिया, हौसला वा उत्साह, मानसिक प्रवृत्तिको सक्रियता, उत्तेजना | ११४ |
| ४२ | ग्रन्थ | ग्रन्थ् + अ | ना | पुस्तक, किताब, पहिले - पहिले, पढिसकेपछि पाताहरू बासा बाँधेर राख्ने गरिएको पुस्तक वा किताब | ११४ |
| ४३ | गौरव | मूल | ना | गुरु अर्थात् महान् हुनाको अवस्था वा भाव, महिमा भारी हुनाको अवस्था | ११४ |
| ४४ | वेद | विद् + अच् (अ) | ना | आर्यहरूका धर्म, संस्कृति, आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएका, सर्व प्राचीन र सर्वाधिक मान्य आर्यग्रन्थ | ११४ |
| ४५ | विश्व | मूल | ना | सम्पूर्ण सृष्टि, ब्रम्हाण्ड, संसार, जगत् | ११४ |
| ४६ | किरण | कृ+ क्यु + अन | ना | प्रकाशमय पुञ्ज ( सूर्य,चन्द्र, बत्ती बाट निस्किएको चम्किलो वस्तुको मिहिन रेखा, ज्योति, तेज | ११४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | पूर्वीय | पूर्व + ईय | वि | पूर्व पट्टिको, पूर्व दिशातर्फको | ११४ |
| ४८ | ज्ञान | ज्ञा + अन | ना | मन वा आत्मालाई हुने कुनै विषयको बोध, शास्त्रको अनुशीलनबाट हुने आत्मतत्वको बोध | ११४ |
| ४९ | चेतना | चेतन + आ | ना | प्राणीमा रहने भित्री ज्ञान सत्य र असत्य छुट्याउन सक्ने बुद्धि, विवेक | ११४ |
| ५० | वास्तविक | वस्तु + इक | वि | सत्य, साँचो, वास्तवमा हुने अस्तित्व वा तथ्यपूर्ण, जस्ताको त्यस्तै | ११५ |
| ५१ | जीबन्त | जीव + अन्त | वि | जिउँदो वा जीवीत | ११५ |
| ५२ | प्रविधि | प्र + वि + धा + कि | ना | कुनै काम गर्दा अनुभब तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया | ११५ |
| ५३ | विकास | वि + कस् + अ | ना | उन्नति, प्रगति क्रमिक परिर्वतन, हुर्केको वा सप्रेको अवस्था | ११५ |
| ५४ | सनातन | सना + अन | वि | धेरै पहिलेदेखि चल्दै आएको व्यवहार, कहिल्यै नाश नहुने अविनाशी, शाश्वत नित्य | ११५ |
| ५५ | मौलिक | मूल + इक | वि | मूल वा जडसित सम्बन्धित मूलभूत, कसैको आधार नलिएको, नवीन वा सृजनात्मक | ११५ |
| ५६ | पाश्चात्य | पश्चात् + त्य | वि | पश्चिम दिशाको, पश्चिमेली | ११५ |
| ५७ | अवसर | अव + एरच् | ना | कुनै काम कुरो गर्न मिल्दोजुल्दो स्थिति, मौका, समय | ११५ |
| ५८ | पुस्तक | पुस्त + कन् | ना | पढ्ने पढाउने, पाठ गर्ने गराउने आदि उद्देश्यले तर्क, विचार, भावना, कल्पना, ज्ञान विज्ञान आदिका कुरा लेखिएको वा छापिएको ग्रन्थ | ११५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९ | सूचना | सूच् + अना | ना | सम्बन्धित सबैलाई केही कुरो थाहा दिने काम, थाहा दिनका निम्ति पठाइएको, टाँसिएको वा प्रकाशित गरिएको लिखित कुरा | ११५ |
| ६० | इतिहास | इतिह + आस् + अ | ना | अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्ने ज्ञानको एक शाखा, कुनै मुलुक, जाति, संस्था, बिषय आदिका अतीतका घटनाहरूको क्रमवद्द वर्णन वा बृत्तान्त | ११५ |
| ६१ | प्रयोग | प्र + युज + अ | ना | कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य, उपयोग, नीति, नियम, सिद्धान्त | ११५ |
| ६२ | आधुनिक | अधुना + इक | वि | भर्खर - भर्खर निस्केको, चलेको वा अस्तित्वमा आएको, वर्तमान समयको | ११५ |
| ६३ | अनुभूत | अनू + भू + त | वि | अनुभव गरिएको, अनुभूतिका रुपमा ग्रहण गरिएको, अनुभवसिद्ध | ११५ |
| ६४ | भूगोल | गुड + घञ् (अ) | ना | पृथ्वी, पृथ्वीको सतह, जङ्गल, नदी, पहाड आदि प्राकृतिक विभाग | ११५ |
| ६५ | पर्यावरण | परि + आ + वृ+ अन | ना | कुनै वस्तु, विषय, व्यक्ति आदिको स्थिति, वातावरण, चारैतिर फैलिएको वा रहेको हावा, पानी | ११५ |
| ६६ | अनुकूल | अनु + कुल् + अ | | आफ्नो इच्छा, रुचि, चाहना वा आवश्यकता अनुरुपको आफूले चाहेको, चिताए वा भने जस्तो | ११५ |
| ६७ | बिद्यालय | ष.त.स. | ना | पढ्ने र पढाउने ठाउँ, पाठशाला, स्कुल | ११५ |
| ६८ | उत्पादन | अ् + पद् + अन | ना | उब्जा, पैदावार, उत्पन्न गर्ने वा जन्माउने काम | ११५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | प्रशोधन | प्र + शुध् + अन | ना | कच्चा, अशुद्ध एबव अपरिस्कृत वस्तुलाई खारेर, पेलेर एवं पखालेर शुद्ध, चोखो एबं परिस्कृत तुल्याउने काम | ११५ |
| ७० | अवसर | अव + एरच् | ना | कुनै काम कुरो गर्न मिल्दोजुल्दो स्थिति, मौका, समय, फुर्सद | ११५ |
| ७१ | परम्परा | मूल | ना | पहिलेदेखि चलि आएको रितिथिति, अविछिन्न रुपले चलिआएको क्रम वा सिलसिला प्रथा, रुढि | ११५ |
| ७२ | कृषि | कृष + इक् + इ | ना | खनजोत गर्नुपर्ने तथा बालीनाली लगाउनुपर्ने र तत्सम्बन्धी सबै काम, खेती, किसानी | ११५ |
| ७३ | अत्याधुनिक | अति + आधुनिक | वि | समसामयिक वा आधुनिक अवधिमा सबभन्दा पछिल्ला समयको ज्यादै नयाँ बिचार, धारा, शैली, परिपाठी | ११६ |
| ७४ | लक्ष्य | लक्ष् + य | ना | उद्देश्य, हेर्नु, चिन्नु र जान्नु, ताकेको कुरा पुग्नु | ११७ |
| ७५ | परिवर्तन | परि + वृत + अन | ना | एक थरी रुप, अवस्था, गुण, अर्को थरी रुप, अवस्था, गण आदिमा बदलिने वा रुपान्तरित हुने क्रिया, साटफेर, सुधार्ने काम | ११७ |
| ७६ | नागरिक | नगर + इक | वि | नगर सम्बन्धी, नगरको, नगरवासी, नागरिक जन्मसिद्द व्यक्ति | ११७ |
| ७७ | व्यापार | वि + आ + पृ+ घञ् | ना | लाभका निम्ति कुनै वस्तु वा माल सामान खरिद गरेर वा उत्पादन गरेर बिक्रि गर्ने काम, व्यवसाय | ११७ |
| ७८ | दक्ष | दक्ष् + अच् | वि | योग्य, सक्षम, विशेषण, सिपालु, कुशल | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९ | शिक्षित | शिक्ष् + क्त | वि | शिक्षा प्राप्त गरेको, पढेलेखेको वा बुझेको, जान्नेसुन्ने विद्वान पण्डित | ११७ |
| ८० | सङ्गम | सम् + गन् + अ | ना | परस्परमा मिल्ने वा जुट्ने काम, भेटघाट, दुई नदी मिलेको ठाउँ | ११७ |
| ८१ | मानवीय | मानव + ईय | वि | मानव सम्बन्धी, मानव वा मनुस्यको, मनुस्योचित | ११७ |
| ८२ | स्वभाव | ष.त.स. | ना | आफ्नो वा निजी भाव, आनीबानी, चालचलन, आदत, मानसिक प्रवृत्ति | ११७ |
| ८३ | कर्तव्य | कृ+ तव्यत् | ना | कुल परम्परा, नीतिनियम तथा सामाजिक आवश्यकता अनुसार गर्नुपर्ने काम | ११७ |
| ८४ | दायित्व | दायिन + त्व | ना | कुनै काम कुरामा जवाफदेही हुनाको अवस्था, जिम्मेवारी, उत्तरदायित्व | ११७ |
| ८५ | सद्गुण | क.त.स. | ना | असल, राम्रो गुण, गणवान्, सद्गुणी | ११७ |
| ८६ | कर्म | कृ + मानिन् | ना | काम, कार्य, भाग्य, वैदिक वा लौकिक संस्कार, ब्रतबन्ध, विवाह आदि संस्कार | ११७ |
| ८७ | मार्ग | मृज् + अ | ना | आउनेजाने बाटो, कुनै उपाय, तरिका, काइदा | ११७ |
| ८८ | प्रेरित | प्र + ईर् + णिचि + क्त | वि | प्रेरणा गरिएको, काम विशेषमा प्रवृत्त गराइएको, उत्तेजित | ११७ |
| ८९ | नैतिक | नीति + इक | वि | राम्रो आचरण सम्बन्धी, नीति सम्बन्धी | ११७ |
| ९० | सहिष्णु | सह् + इष्णुच् | वि | कष्ट वा पीडा सहन सक्ने सहनशील | ११७ |
| ९१ | विवेक | वि + विच् + अ | ना | असल-खराब, सत्य-असत्य, न्याय - अन्याय आदि छुट्याउने क्रिया, क्षमता वा ज्ञान | ११७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९२ | वैज्ञानिक | विज्ञान + इक | वि | विज्ञानले आविस्कार गरेको, विज्ञानका सहायताले तयार भएको, विज्ञान सम्बन्धी अध्ययन वा काम गर्ने व्यक्ति | ११७ |
| ९३ | युक्त | युज् + क्त | वि | युक्तिसङ्गत, मिलेको, दुई वा दुईभन्दा बढी वस्तु अथवा तत्वहरू जोडिएको | ११७ |
| ९४ | गहिरो | मूल | वि | वरिपरि अग्लो भई माझको भाग भासिएको वा गाडिएको, सतहभन्दा तलको गहिरो भाग | ११८ |
| ९५ | व्यक्तित्व | व्यक्ति + त्व | ना | कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण, व्यक्ति बिशेषको निजीपन | ११८ |
| ९६ | शिष्टाचार | ष.त.स. | ना | आगन्तुहरूप्रति अँगालिने मान मर्यादा सहितको राम्रो व्यवहार, आतिथ्य, सत्कार, शिष्ट वा सभ्य मानिसहरूको आचरण | ११८ |
| ९७ | प्रतिकूल | प्रति + कूल | वि | आफूले साचेको वा चाहेको चन्दा उल्टो, अनुकूल नभएको, नमिल्दो, आफ्नो पक्षमा नभएको, बिपरीत | ११८ |
| ९८ | परिस्थिति | परि + स्था + ति | ना | कुनै घटना, काम आदिको वास्तविक तथा तर्क सङ्गत अवस्था, कुनै देश, संस्था वा व्यक्तिको हालत, स्थिति, अवस्था, समसामयिक वातावरणबाट सिर्जिएको स्थिति | ११८ |
| ९९ | सत्य | सत् + य | वि | साँचो, सच्चा, वास्तविक, यथार्थ, पत्याउन सकिने, वास्तविक वा प्रामाणिक सिद्धान्त | ११८ |
| १०० | त्रुटि | | ना | गल्ती, भूलचूक, कमी | ११८ |
| १०१ | शिक्षित | शिक्ष् + क्त | वि | शिक्षा प्राप्त गरेको, पढेलेखेको वा बुझेको, जान्नेसुन्ने, विद्वान, पण्डित | ११८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२ | दीक्षित | दीक्ष् + क्त (त)<br>दीक्षा + इतच् + इत | वि | दीशामन्त्र प्राप्त गरेको, दीक्षा लिएको, सङ्कल्पपूर्वक यज्ञ सुरु गर्ने व्यक्ति | ११८ |
| १०३ | नयाँ | मूल | वि | हालसालै मात्र देखा परेको, भर्खरै मात्र व्यवहारमा आएको, नौलो, कामको अनुभब नभएको | ११८ |
| १०४ | निर्माण | मूल | ना | घर, मन्दिर, सडक आदि बनाउने काम, रचना, बनेको भवन, सडक, मन्दिर | ११८ |
| १०५ | विचार | वि + चर् + अ | ना | कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने काम, मनमनै गरिने चिन्तन, मनन, मनको सोचाई, मनको अनुभूति | ११८ |
| १०६ | घटना | घट् + णिचि + युच्<br>घट् + अन+आ | ना | अकस्मात् भएको कुनै पनि कुरा वा कारवाई, काण्ड, पर्व, मारपिट | ११८ |
| १०७ | परिवेश | परि + विश् + अ | ना | चारैतिरबाट भएको घेराइ, परिवेस्टन, सूर्य वा चन्द्रमाका चारैतिर देखिने एक प्रकारको सभा, परिधि, वातावरण | ११८ |
| १०८ | समर्थन | सम् + अर्थ् + अन | ना | कुनै प्रस्ताव तथा राय, विचार र कसैले भनेका कामकुरालाई अनुमोदन वा पुष्टि गर्ने काम | ११८ |
| १०९ | पूर्वाग्रह | पूर्व + अहन् | ना | कुनै बिषय, समस्या आदिमाथि तर्क, वादविबाद वा विचार गर्दा कसैले नयाँ सोचाइ वा सिद्धान्त ग्रहण नगरी आफ्नो पूर्व निश्चित धारणानुरुप नै लिने अड्डी | ११८ |
| ११० | विवेक | वि + विच् + अ | ना | असलखराव, सत्यअसत्य,न्याय अन्याय आदि छुट्याउने क्रिया, क्षमता वा ज्ञान | ११८ |
| १११ | चेत | चित् + असुन् (अस्) | ना | चैतन्य होस, प्राणीमा रहेको चेतनशक्ति, मन, चित्त, हृदय | ११८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११२ | तर्क | मूल | ना | कुनै कुरा कसैलाई बुझ्न, बुझाउनका लागि गरिने युक्तिपूर्ण कुरा, छलफल, बहस, वादविवाद | ११८ |
| ११३ | जरो | मूल | ना | सम्पूर्ण बोटविरुवा आदिको माटामुनि पसेर भोजन लिने अवयव, कन्द, मूल | ११८ |
| ११४ | बोध | बुध + धञ् + (अ) | ना | सुनेर, पढेर बुझ्ने क्षमता वा सीप, जान्ने वा बुझ्ने काम | ११८ |
| ११५ | धारणा | धारण + आ | ना | धारणा गरिने अवस्था, क्रिया गुण वा भाव, कुनै कुरा मनमा धारणा गरिने शक्ति, मर्यादा | ११८ |
| ११६ | कार्य | मूल | ना | काम, कृत्य, कर्तव्य, व्यवसाय, धार्मिक कृत्य वा अनुष्ठान | ११८ |
| ११७ | गर्व | गृ+ र्व + अ | ना | कुनै ठूलो काम कुरा, वस्तु व्यक्ति आदिसित सम्बन्धित औचित्यपूर्ण अहंभावना | ११८ |
| ११८ | प्राप्त | प्र + आप् + त | वि | भेटेको, भेट्टाइएको, मिलेको, उपलब्ध भएको | ११८ |
| ११९ | विद्यार्थी | विद्या + अर्थ + णिनि (इन्) | ना | नियमित रुपले विद्याको आर्जनमा लागिरहने व्यक्ति, कुनै विषयबारे खोज अध्ययन गर्ने व्यक्ति, विद्वान | ११९ |
| १२० | बिद्यालय | ष.त.स. | ना | पढ्ने र पढाउने ठाउँ, पाठशाला, स्कुल | ११९ |
| १२१ | तदनुरुप | त्यस +अनुरुप | वि | त्यसै अनुसार, त्यही जस्तो, त्यससँग मिल्दोजुल्दो, उस्तै | ११९ |
| १२२ | व्यवस्था | वि + अव + स्था + आ | ना | जस्तो हुनुपर्ने हो ठीक त्यस्तै अवस्था, रीतिस्थिति, चालचलन, वस्तुहरू यथाक्रम मिलाएर राख्ने काम | ११९ |
| १२३ | भौतिक | भूत + इक | वि | पृथ्वी, तेज, वायु, आकाश जस्ता पञ्चमहाभूत तत्वबाट बनेको पञ्चमहाभूत सम्बन्धी, प्राणी सम्बन्धी | ११९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२४ | खम्बा | मूल | ना | घर, सन्तल, पुल आदिको दलिन, बिजुलीका तार अड्याउने फलाम, काठ, ढलान आदिबाट बनेको सोझ्रो खामो | ११९ |
| १२५ | यात्रा | यात्र + आ | ना | एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारी साधनद्वारा जाने काम, भ्रमण | ११९ |
| १२६ | परापूर्व | मूल | क्रि.बि. | धेरै वर्षअघि, उहिले, कुल परम्परा, पुर्ख्यौली | ११९ |
| १२७ | पवित्र | मूल | वि | फोहोरमैला नभएको, निर्मल, चोखो, शुद्ध | ११९ |
| १२८ | भूमि | भू + मि | ना | पृथ्वीको स्थलभाग, भूमि, जमिन, धरती, जन्मभूमि, मातृभूमि आदि | ११९ |
| १२९ | सुन्दर | सु + दृ+ अप् | वि | मनलाई हेर्ने, राम्रो, मनोहर, आकर्षक | ११९ |
| १३० | बिस्तार | वि + स्तृ+ अ | ना | फैलाउने काम, फैलावट, विस्तृत रुपमा दिइएको विवरण, विशालता | ११९ |
| १३१ | भोजपत्र | भुज + अच् + पत्र | ना | पातलो र चिल्लो कागतजस्तो पत्रैपत्र बोक्रो हुने एक जातको मझौला खालको रुख, प्राचीन कालमा लेख्नका निमित्त कागतका सट्टामा प्रयोग गरिने सोही रुखको बोक्रो वा पत्र | ११९ |
| १३२ | सिप | | ना | स्वाभाविकता र उपयुक्तताका साथ मानसिक तथा शारीरिक काम गर्ने दक्षता, कला, शिल्प, हस्तकौशल | ११९ |

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा लेखक तथा सम्पादक मण्डलद्वारा रचना गरिएको ‘मेरो देशको शिक्षा’ निबन्धमा जम्मा १३३१ वटा शब्दहरू रहेका छन् । जसमध्ये १३२ वटा तत्सम शब्दहरूको प्रयोग भएको छ भने नाम ८७, विशेषण ४१, क्रिया विशेषण २ र संयोजक १ ओटा रहेका छन् । त्यसैगरी मूलशब्द २६ ओटा छन् भने व्युत्पन्न शब्दहरू १०५ ओटा रहेका छन् ।

प्रतिशतका हिसाबले हेर्दा ११.६७ प्रतिशत तत्सम शब्दको प्रयोग यस निबन्धमा भएको पाइन्छ । यस निबन्धमा आवृति भएका शब्दहरूलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

| **शब्द** | **पुनरावृत्ति** | **शब्द** | **पुनरावृत्ति** |
|---|---|---|---|
| शिक्षा | ५४ | दक्ष | २ |
| देश | ३५ | चिन्तन | ३ |
| आधुनिक | ५ | प्रचलित | २ |
| पूर्वीय | ४ | प्रदान | ३ |
| आर्जन | ३ | संस्कृति | ३ |
| ज्ञान | २२ | सिप | ४ |
| विज्ञान | ७ | प्रविधि | १३ |
| दृष्टि | ३ | प्रशोधन | २ |
| वैज्ञानिक | ५ | विद्वान | २ |
| जीवन | २ | विकास | ३ |

'मेरो देशको शिक्षा' निबन्धमा २० ओटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये शिक्षा शब्द ५४ पटक सबैभन्दा बढी आवृत्ति भएको देखिन्छ, त्यसैगरी देश शब्द ३५ पटक, ज्ञान शब्द २२ पटक, विज्ञान र प्रविधि ७ पटक, आधुनिक १३ पटक, वैज्ञानिक ५ पटक, पूर्वीय सिप ४ पटक र विकास, आर्जन, दृष्टि, चिन्तन, प्रदान, संस्कृति ३ पटक र दक्ष, प्रचलित, प्रशोधन, जीवन, विद्वान आदि शब्दहरू सबैभन्दा कम २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

## 'पख्नोस' निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

नेपाली साहित्य क्षेत्रका हाँस्यव्यङ्ग्यका शाश्वत शिल्पी हुन् भैरव अर्याल । हास्य साहित्यका बेजोड प्रतिभाका धनी भैरव अर्यालको जन्म वि.सं १९९३ असोज ४ गते काठमाण्डौंको कुपण्डोलमा भएको थियो । हाँस्यव्यङ्ग्य विधाको सुरुवात गर्ने अर्यालले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । विभिन्न कृति र लेख रचनाहरू लेख्दै अगाडी बढेका अर्यालका

'गलबन्दी' हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह

'काउकुती' हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह

'जय भूँडी' हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह

'इतिश्री' हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह

'प्रवेशिका' हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह

आदि जस्ता निबन्ध सङ्ग्रहरू उनका उत्कृष्ट प्रकाशित निबन्ध सङ्ग्रह हुन । जसमध्ये 'जय भूँडी' निबन्ध सङ्ग्रहमा सङ्कलन भएको निबन्ध हो 'पख्नोस्' निबन्ध ।

'पख्नोस्' निबन्ध तुलनात्मक रुपमा तद्भव शब्दकै बढी मात्रामा प्रयोग भएको देखिन्छ । थोरै मात्रामा मात्र तत्सम शब्दको प्रयोग भएको यस निबन्धमा प्रयोग भएका तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार देखाइएको छ :-

**'पख्नोस' निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण**

**तालिका नं. ५**

| क्र.सं | शब्द | बनोट/व्युत्पत्ति | शब्द | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | लेख | लिख् + घञ् + अ | ना | कुनै विषयमा लेखेर प्रकट गरिएको विचार वा कुरो, लेखिएको कागत वा अक्षर | १७६ |
| २ | शब्द | शप् + दन् | ना | अनुभूत विषयबस्तुलाई ब्यक्त गरिने वर्णात्मक वा ध्वन्यात्मक ध्वनि, आवाज, वर्ण वा वर्णसमुहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि | १७६ |
| ३ | पत्यार | मूल | ना | कसैका भनाइमा वा कुनै विषयमा कुने सत्यप्रती, विश्वास, भरोसा, पक्कापक्की | १७६ |
| ४ | आश्वासन | आ +श्वस् णिचि + अन | ना | सास फेर्ने काम, ठुलावडाबाट दिइने आड भरोसा | १७६ |
| ५ | ताते | मूल | ना | बिस्तारै हिड्ने काम, हिंडाइ | १७६ |
| ६ | तर | तृ+ अ | ना | नदी, पुल, बाटो आदि पार गर्ने काम, विशेषण शब्दका पछिल्तिर गाँसिएर कसैको अपेक्षा बढी गुण बुझाउने एक प्रत्यय | १७६ |
| ७ | प्रकट | प्र + कटच प्र + कट् + अच् | वि | लुकेर बसेको कुरा बाहिर देखिएको, प्रत्यक्ष भएको | १७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | नेपाल | ने + पाल् | ना | विश्व मानचित्रमा एसिया महादेशको एक भागमा रहेको, सर्वोच्च हिमशिदर सगरमाथा भएको ठाउँ | १७६ |
| ९ | तपाई | मूल | सर्व | औपचारिक प्रसङ्गमा आफू भन्दा मान्यजनलाई तिमी भन्दा माथिल्लो दर्जामा राखेर प्रयोग गरिने द्धितीय पुरुष, एकबचनको आदरार्थी शब्द | १७६ |
| १० | पनि | मूल | क्रि.वि. | सहित, लगायत | १७६ |
| ११ | साक्षी | साक्षात् + इनि | ना | राम्रो वा नराम्रो कुनै घटना आफ्नो आँखाले देख्ने ब्यक्ति, आफैले प्रत्यक्ष देखेसुकेका कुराको बयान गर्ने व्यक्ति | १७६ |
| १२ | चिल्लो | मूला | ना | घिउ, तेल, बासो आदि स्निग्ध पदार्थ, चिल्लोपन | १७६ |
| १३ | क्रिया | मूल | ना | कुनै पनि काम भइरहनाको अवस्था वा भाव, तनमन र वचनले गरिने वा नित्य हुने कुनै पनि कार्य वा कर्म, मृतकको अन्तेष्टि कर्म, किरिया | १७७ |
| १४ | आफू | मूल | सर्व | आफैं, स्वयम्, खास, आफूनै | १७७ |
| १५ | कहाँ | मूल | क्रि.वि. | कुन ठाउँमा, कता, कहाँ हो, कहाँ आदि बुझाउने शब्द | १७७ |
| १६ | खत्री | मूल | ना | पुरानो चलन अनुसार बाहुनको आफुभन्दा तल्लो जातकी केटीसँग वा क्षेत्रीको पानी चल्ने जातको केटीसँगको दाम्पत्य जीवनबाट पैदा भएका सन्तान र तिनीहरूको बर्ग | १७७ |
| १७ | तानावाना | मूल | ना | कपडाको तान र बुनोट, तनौटो र बुनौटो | १७७ |
| १८ | तालु | तृ+ उ | ना | वर्त्सभन्दा पछि र किलकिले भन्दा अगिको भाग | १७७ |
| १९ | तारो | मूल | ना | तारो बाण, गोली जस्ता अस्त्रले ताकिने निशान, लक्ष्य | १७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | सैनिक | सेना + ठक् + इक | ना | सेनामा भर्ना भएको व्यक्ति, पल्टनिया जवान, सिपाही | १७७ |
| २१ | आदेश | आ + दिश् + घञ् | ना | कुनै काम कारबाहीका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासापुकासा वा निर्णय सम्बन्धी आज्ञा, सन्देश, उपदेश | १७७ |
| २२ | मानिस | मूल | ना | मानुषे जैविक जातिमा मस्तिष्क तथा बुद्दिबलका कारणले सबैभन्दा श्रेष्ठ, विकसित तथा चेतनशिल रुपमा रहेको र श्रमलाई सरल तथा सुगम तुल्याउन आवश्यकता अनुसार हतियारको निर्माण तथा प्रयोग समेत गर्ने स्तनपाथी बर्गको दुईखुट्टे प्राणी, मनुस्य | १७७ |
| २३ | देवता | देव + आ<br>देव + तल् ( आ) | ना | पूज्य तथा जरा र मृत्युरहित मानिने, स्वर्गमा रहेको प्राणी, देव, देउता, मन्दिर, देवालय | १७७ |
| २४ | नाम | नम् + णिचि + मनिन् ( मन्) | ना | मनुस्य वा गाई, भैंसी, बाख्रा आदि पाल्तु जनावरलाई बोलाउने संज्ञा, कुनै पनि वस्तुलाई बुझाउने वा चिनाउने शब्द | १७७ |
| २५ | देश | दिश + अ | ना | चारैतिर फैलिई अनेकौं, गाउँ, शहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भू -भाग, मुलुक | १७७ |
| २६ | देवाधिदेश | ष.त.स. | ना | देवताको पनि देवता, विष्णु, शिव | १७७ |
| २७ | दण्ड | दण्ड + अ | ना | सजाय, जरिवाना, यातना | १७७ |
| २८ | गरी | मूल | ना | नरिवलको भित्री भागमा रहेको नरम गुदी, मसलाका रुपमा वा त्यसै खाईने त्यही गुदीका टुक्रा | १७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | कति | मूल | वि | अमूर्त (समय, दुरी) र मूर्त (गरिने, जोखिने, भरिने) वस्तुको मात्रा, जान्नका लागि गरिने प्रश्न, कति खायो ? तिमी कति चाहन्छौं ? | १७८ |
| ३० | जता | मूल | क्रि.वि. | जुन ठाउँतिर, जहाँ | १७८ |
| ३१ | वैज्ञानिक | बिज्ञान + इक् | वि | विज्ञानले आविश्कार गरेको विज्ञानका सहायताले तयार भएको विज्ञानसम्बन्धी अध्ययन वा काम गर्ने व्यक्ति | १७८ |
| ३२ | मरुभूमि | ष.त.स. | ना | पानी नभई सर्वत्र बालुवानै बालुवा भएको, ज्यादै सुख्खा जमिन, मरुस्थल | १७८ |
| ३३ | सूर्य | सुर + य | ना | दिनमा आकाशमा देखिएर प्रकाश र ताप दिने, अन्तरिक्षको एक बल्दो लोक, घाम, बेला, पृथ्वी, मङ्गल, बुध आदि ग्रहहरूद्वारा परिक्रमा गरिने एक विशाल तेजपुञ्ज | १७८ |
| ३४ | दर्शन | दृश् + अन | ना | कुनै पनि वस्तुलाई हेर्ने काम, हेराइ, प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतना बारेको विवेचना र विश्लेषण गरिने विद्या | १७८ |
| ३५ | किशोर | कश् + ओर | ना | पन्ध्र वर्षभन्दा कम र एघार वर्षभन्दा बढी उमेरको केटो, अवयस्क, नावालक | १७८ |
| ३६ | विद्यालय | ष.त.स. | ना | पढ्ने र पढाउने ठाउँ, पाठशाला, स्कुल | १७८ |
| ३७ | शिक्षक | शिक्ष् + अक | ना | शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति, अध्यापक, गुरु, मास्टर | १७८ |
| ३८ | दिन | मूल | ना | आकाशमा सूर्य देखिउन्जेलको समय, दिउँसो, समय, बेला, तोकिएको समय | १७८ |
| ३९ | प्रतीक्षा | प्रति + ईक्ष् + आ | ना | चाहेको वा खाजेको कुनै ब्यक्ति, वस्तु आदिलाई भेट्न वा पाउन गरिएको ढुकाइ, कुराइ, पर्खाइ, बाटोहेराइ | १७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | भाका | मूल | ना | कुनै काम पूरा गर्न तोकिएको अवधि वा बोलकबोलको समय, पढाइ वा गवाइको लय, स्वर | १७८ |
| ४१ | पत्रिका | पत्र + कन् | ना | निश्चित समयमा प्रकाशित हुने मासिक, पाक्षिक, साप्ताहिक आदि प्रकाशन, विभिन्न विषयमा लेखिएका रचनाहरूको सङ्ग्रह | १७८ |
| ४२ | पुरस्कार | पुरस् + कृ+ घञ् (अ) | ना | कुनै काम गर्ने व्यक्तिलाई सो काम गरेवापत प्रशंसा स्वरुप दिइने इनाम, राम्रो काम गर्ने व्यक्तिलाई गरिने आदर वा सम्मान | १७८ |
| ४३ | लीन | ली + क्त (त) | वि | नछुट्टिने गरी जोडिएको वा टाँसिएको, काममा एकाग्र भई लागेको | १७८ |
| ४४ | जुम्सो | मूल | वि | दुब्लो, मरन्च्याँसे वा लोसो | १७८ |
| ४५ | ओखती | मूल | ना | रोग निको पार्नलाई प्रयोग गरिने वस्तु वा सामान, औषधी, उपधार, उपाय | १७८ |
| ४६ | उपचार | उप् + चर + घञ् (अ) | ना | बिरामीका छेउमा रहेर रोग निको पार्नका निम्ति गरिने उपाय वा कार्य, ओखतीमूलो, बिरामीको सेवा | १७८ |
| ४७ | निर्देशक | मूल | वि | निर्देशन दिने, काममा खटाउने, कुनै विभाग वा कार्यालयको प्रमुख सञ्चालक, कुनै संस्थाको मुख्य अधिकारी | १७८ |
| ४८ | दोष | दुष् + घञ् (अ) | ना | कुनै कुरा, व्यक्ति वा वस्तुमा रहेको त्रुटि, कमी, बाधा आदि अवगुण, नैतिक वा कानुनी दृष्टिले अपराध मानिने कुनै अभियोग, अपराध, कसूर | १७९ |
| ४९ | शान्ति | शम् + क्ति | ना | सुख-दुःख, हर्ष-बिस्मात्, रिस-द्वेष आदि मनोभावनाले नबिथोलिएको मानसिक स्थिति, शान्त स्थिर अवस्था | १७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५० | विष | मूल | ना | खाएमा वा कुनै किसिमले थोरै मात्रा पनि शरीरभित्र गएमा डरलाग्दो रोग वा विकार पैदा गराउने र अन्त्यमा ज्यानसमेत लिन सक्ने घातक बस्तु | १७९ |
| ५१ | अशान्त | शम् + क्त | वि | शान्त नभएको, चन्चल ब्यग्र, बेचैन, उद्विग्न | १७९ |
| ५२ | आदर्श | आ + दृश् + अ<br>आ + दृश् +<br>घञ्  अ | ना | रुप, गुण र बिचारको अनुकरण गर्न सुहाउँदो ब्यक्ति, सन् र न्यायी स्वभाव भएको ब्यक्ति | १७९ |
| ५३ | सिर्जना | मूल | ना | नयाँ निर्माण, सृष्टि, रचना, आरम्भ, सुरु | १७९ |
| ५४ | श्रीमती | श्रीमत् + ई | ना | विवाहिता स्त्रीहरूका नामको अगाडि लगाइने आदरवाची शब्द | १७९ |
| ५५ | नमस्ते | मूल | ना | तपाइलाई नमस्कार छ भन्ने अर्थ बुझाउने शब्द, नमस्कार, प्रणाम | १७९ |

नेपाली साहित्य क्षेत्रका प्रसिद्द हाँस्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालद्वारा लेखिएको 'पख्नोस्' निबन्धमा जम्मा ८६१ वटा शब्दहरू रहेका छन् । जसमध्ये ५२ वटा शब्दहरू तत्सम शब्द रहेका छन् । त्यसैगरी नाम शब्द ४३ वटा, विशेषण शब्द ७ वटा, क्रिया विशेषण ३ वटा, सर्वनाम २ वटा रहेका छन् । त्यसैगरी मूल शब्द २३ ओटा छन्  भने व्युत्पन्न शब्दहरू ३२ ओटा रहेका छन् । प्रतिशतका हिसाबले ६.३८ प्रतिशत शब्दहरू तत्सम रहेका छन् । यस निबन्धमा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :-

**तालिका नं. ६**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| लेख | ३ | पत्रिका | ३ |
| शब्द | ३ | जुम्सो | २ |
| तपाई | १४ | विष | २ |
| पनि | ७ | आश्वासन | २ |
| वैज्ञानिक | २ | कहाँ | २ |

निबन्धकार भैरब अर्यालद्वारा लेखिएको पख्नोस् निबन्धमा १० वटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये तपाई शब्द १४ पटक पुनरावृत्ति भएको छ भने पनि शब्द ७ पटक, शब्द, लेख, पत्रिका ३ पटक पुनरावृत्ति भएको पाइन्छ भने वैज्ञानिक, जुम्सो, विष, आश्वासन र कहाँ  शब्द सबैभन्दा कम २ पटक मात्र पुनरावृत्ति भएको पाइन्छ ।

## ४.१ छलफल र व्याख्या

माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका ३ ओटा निबन्धमा भएका तत्सम शब्दको अध्ययन गर्दा विभिन्न किसिमका तत्सम शब्दको प्रयोग, प्रसङ्ग अनुसार सान्दर्भिक र उचित भएको पाइयो ।

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेको ३ ओटा निबन्धहरू मध्ये प्रथम निबन्धमा जम्मा १३५२ ओटा शब्दको प्रयोग गरिएकोमा १०६ ओटा अर्थात ७.८४ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । आगन्तुक शब्दको प्रयोग बढी मात्रामा र तुलनात्मक रुपमा तत्सम शब्दको प्रयोग भने कम भएको पाइएता पनि निबन्धको निबन्ध वस्तुको आधार र परिवेशलाई हेर्दा र निबन्धको पृष्ठभूमिलाई हेर्दा तत्सम शब्दहरू पाठकको रुचि, क्षमता र स्तर अनुरुप प्रयोगात्मक रुपमा रहेको पाइन्छ ।

'मेरो देशको शिक्षा' निबन्धमा जम्मा १३३१ ओटा शब्दको प्रयोग गरिएकोमा १३२ ओटा अर्थात प्रतिशतका हिसाबमा ११.६७ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । त्यसैगरी यस निबन्धमा २० ओटा तत्सम शब्दहरू आवृत्ति भएर आएको पाइन्छ । तत्सम शब्दको दृष्टिकोणले निबन्धको अध्ययन गर्दा अन्य शब्दस्रोतको तुलनामा तत्सम शब्दको प्रयोग कम र आगन्तुक तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको पाइएता पनि निबन्धको पृष्ठभूमिलाई हेर्दा तत्सम शब्दहरू विद्यार्थीको रुचि, क्षमता र स्तर अनुकूल तत्सम शब्दको प्रयोग भएको पाइन्छ ।

'पख्नोस्' निबन्धमा जम्मा ८६१ ओटा शब्दको प्रयोग गरिएकोमा ५५ ओटा अर्थात् ६.३८ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइयो । अरु निबन्धहरूको तुलनामा पख्नोस निबन्धमा अलि कम तत्सम शब्दको प्रयोग पाइनुका कारण निबन्धकार भैरव अर्यालको भाषिक पृष्ठभूमी, कम पात्रहरूको चयन, निबन्धको चयन, परिवेश जस्ता कुराले निबन्धमा तत्सम शब्दको प्रयोग थोरै मात्रामा भएको पाइन्छ । यस निबन्धमा तत्सम शब्दको प्रयोग विद्यार्थीको स्तर, तह, क्षमता अनुसार उचित देखिन्छ ।

यसरी कक्षा १० को नेपाली पाठ्यपुस्तकभित्र समाविष्ट भएका निबन्ध विधामा ३ वटा निबन्धहरूमा जम्मा ३.५४४ ओटा शब्दहरू प्रयोग भएकोमा २९३ ओटा ८.२६ प्रतिशत तत्सम शब्द प्रयोग भएको पाइन्छ । ती निबन्धहरूको अध्ययन गर्दा सबैभन्दा बढी तत्सम शब्द 'मेरो देशको शिक्षा' निबन्धमा भएको पाइयो भने सबै भन्दा कम 'पख्नोस' निबन्धमा भएको पाइन्छ । उक्त निबन्धहरूकक्षा दशको नेपाली पाठ्यपुस्तक आवश्यकता अनुरुप स्तरयुक्त, रुचि र चाहाना अनुरुप रहेको पाइन्छ ।

# अध्याय पाँच : निष्कर्ष र सुझाव

## ५.१ सारांश

प्रस्तुत कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश भएका निबन्धहरूमा प्रयोग भएका तत्सम शब्दको अवस्था के कस्तो छ, ती शब्दको बनोट व्युत्पत्ति अर्थ र आवृत्तिको अवस्था कस्तो छ भन्ने कुराको अध्ययन गर्न विभिन्न विधिहरूको प्रयोग गरिएको थियो । विभिन्न पुस्तकहरूको सहायताले सुक्ष्म अध्ययन गरी शब्दको व्युत्पत्ति, वर्ग, आवृत्ति, पृष्ठसङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

शोधपत्रमा कति मात्रामा तत्सम शब्द प्रयोग भएका छन्, प्रत्येक शब्दको व्युत्पत्ति र अर्थ खुलाई शब्द वर्ग समेत खुलाइएको छ । निबन्धमा तत्सम शब्दको प्रयोगको आधारमा अध्ययन गर्दा स्तर अनुकूल शब्दको प्रयोग भएको पाइयो । तत्सम् शब्दहरूनेपाली भाषाको स्रोत भएकाले यसको प्रयोग अझै बढी समावेश गरिनुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

संस्कृत भाषा नेपाली भाषाको जननी भाषा हो । नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुदै विकसित भएको हुनाले नेपाली भाषा साहित्यमा संस्कृत भाषाका तत्सम शब्दहरू धेरै रहेका छन् । नेपाली भाषा साहित्यमा आगन्तुक शब्दको प्रयोग बढ्दै गएता पनि यसमा संस्कृत भाषाबाट आएका तत्सम शब्दहरूको छुट्टै महत्व र स्थान रहेको छ । संस्कृतबाट रुप नफेरिकन जस्ताको तस्तै नेपाली भाषामा आएका तत्सम शब्दहरूको साहित्यमा महत्वपूर्ण स्थान रहेकाले यी शब्दको प्रयोग उल्लेखनीय हुनुपर्ने देखिन्छ ।

प्रस्तुत कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात यो शोधकर्ताको निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- शोधपत्रको सुरुमा भाषा, शब्द, शब्दवर्गीकरण, शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको ।
- संस्कृत भाषाबाट जस्ताको तस्तै रुप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको ।
- तत्सम शब्दलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठ आवृत्ति समेत उल्लेख गरिएको ।

- नेपाली पाठ्यपुस्तकका लेखक तथा सङ्कलकहरूद्वारा सङ्कलित एवम् सम्पादित गरिएर लेखिएको चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा निबन्धमा भएका तत्सम शब्दहरूको शब्द, अर्थ, व्युत्पत्ति, पृष्ठ, आवृत्ति समेत सम्पूर्ण कुराहरूको उल्लेख गरिएको ।

- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा विभाजन गरिएको साथै तत्सम शब्द मौलिक शब्द अन्तर्गत रहेको ।

- 'मेरो देशको शिक्षा' निबन्धमा भएका जम्मा शब्द र त्यस शब्दभित्रका तत्सम शब्दहरूको शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पृष्ठ, आवृत्ति समेत देखाएर तालिकामा प्रस्तुत गरिएको ।

- कुन निबन्धमा कति प्रतिशत तत्सम शब्दहरू रहेका छन् भनी निबन्धमा आवृत्ति भएका शब्दलाई तालिकामा पुष्टि गरिएको ।

- तत्सम शब्दको व्यूत्पादन हुने शब्दको व्युत्पत्ति प्रक्रिया वर्ग छुट्याएर नाम विशेषण छुट्याएको।

- तत्सम शब्दको वर्ग अन्तर्गत प्रत्येक तत्सम शब्दको वर्ग छुट्याएर नाम विशेषण, क्रिया विशेषण, सर्वनाम छुट्याइएको

- तत्सम शब्दमा व्यूत्पादन हुने शब्दको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने शब्दलाई मूल शब्दकै रुपमा जस्ताको तस्तै राखिएको ।

### ५.३ उपयोगिता/कार्यान्वयन :

कुनैपनि अध्ययन वा कार्यका पछाडि कुनै न कुनै सकारात्मक र नकारात्मक पक्षसँगै जोडिएर आउने गर्दछन् । यस अध्ययनले तत्सम तथा नेपाली भाषाको बारेमा अध्ययन गर्न चाहाने संस्था वा व्यक्तिलाई कुनै न कुनै अवस्थामा फाइदा पुग्ने देखिन्छ त्यसैले यस अध्ययनका पनि केहि उपयोगिताहरू यहाँ उल्लेख गरिन्छ :

- यस शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्ने भावी अध्ययनकर्तालाई सहयोग पुग्ने देखिन्छ ।

- माध्यमिक तहको पाठ्यक्रममा तत्सम शब्दको महत्व बुझाएर बढी तत्सम शब्द प्रयोग भएका निबन्ध राख्न निर्देशन दिने कुरामा सहयोग पुग्छ ।

- संस्कृत तथा नेपाली भाषको अध्ययनमा शब्दको व्युत्पत्ति र अर्थ पहिल्याउन सहयोग पुग्छ ।

### ५.३.१ नीतिगत तह

नेपाली तथा संस्कृत भाषाका महत्व दर्शाउन यो अध्ययनले पाठ्यक्रमको नीति निर्माणको तहमा निम्नानुसार सहयोग गर्ने देखिन्छ :

१. भाषाको पाठ्यक्रम परिमार्जन गर्न,

२. पाठ्यक्रममा स्तर अनुकूल तत्सम शब्द भएका निबन्ध समावेश गर्न,

३. तत्सम शब्दको महत्व ज्यादै भएकाले स्तर अनुकूल सरल तथा जटिल किसिमका तत्सम शब्द प्रयोग भएका निबन्ध पाठ्यक्रममा समावेश गर्न,

४. तत्सम शब्द नेपाली भाषाको जननी भाषा भएकाले नेपाली भाषाको विकासमा तत्सम शब्द बढी भएका र तत्सम शब्दको आवृत्ति बढी भएका निबन्ध पाठ्यक्रममा छनोट गर्न ।

### ५.३.२ कार्यान्वयन तह

तत्सम शब्दले नेपाली भाषाको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने भएकाले यो शोधपत्रले प्रयोगत तहमा पनि सहयोग पुऱ्याउने देखिन्छ । यो शोधपत्रले कक्षा दश को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निबन्धमा प्रयोग भएका तत्सम शब्दहरूका अवस्थामा सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै तत्सम शब्दको प्रयोग बढी मात्रामा राख्न र नेपाली भाषाको रुपमा तत्सम शब्दलाई महत्वपूर्ण मानी स्तर अनुसार पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी समावेश गरेर भाषाको बारेमा गहिरो अध्ययन गरिरहेका विधार्थी एवम् प्राध्यापक वर्गलाई सहयोग पुग्ने देखिन्छ ।

### ५.४ सुझावहरू :

माध्यमिक तह कक्षा दश को नेपाली पाठ्यपुस्तकमा समाविष्ट गरिएका निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्नलिखित सुझावहरूप्रस्तुत गरिएको छ :

- निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको प्रयोग सामान्य रुपमा प्रयोग भएको पाइयो । यसको अझ बढी रुपमा प्रयोग हुनुपर्दछ ।

- अप्ठ्यारा शब्दको आवृत्ति धेरै पटक भएमा विद्यार्थीलाई अध्ययनमा सहजता हुन्छ ।

- सबै निबन्धको अन्त्यमा अप्ठेरा र दुर्बोध्य शब्दको शब्दार्थ र व्युत्पत्ति स्तम्भ राखिनु पर्ने देखिन्छ ।

- कक्षा दश को नेपालीमा निबन्ध विधामा निबन्ध छनोट गर्दा शब्दस्रोतको ख्याल गरि तत्सम, तद्भव र आगन्तुक सबै किसिमका शब्दको समानुपातिक मेल भएका निबन्धहरूछनोट गर्नुपर्दछ ।

- तत्सम शब्दको आवृत्तिको अवस्था हेर्दा ज्यादै न्यून भएकाले शब्दको पुनरावृत्ति ज्यादा भएका निबन्ध समावेश गर्नु पर्ने देखिन्छ ।

## ५.५ भावी अनुसन्धानका लागि शीर्षकहरू :

अनुसन्धान आफैमा गहन तथा विशिष्ट ज्ञान प्राप्तीको माध्यम हो । त्यसैले यसको क्षेत्र व्यापक रहेको छ। अनुसन्धान गहन अध्ययन र खोजपूर्ण तथ्यबाट मात्र सम्भव र व्यावहारिक हुने भएकाले यस शोध अध्ययनले समेट्न नसकेका थुप्रै चुनौतीहरू छन् । ती चुनौतिलाई भावी शोधकर्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । यस तहमा तत्सम शब्दमा केन्द्रित रहेर अनुसन्धान गर्न सकिने केही शीर्षकहरूयस प्रकार छन :

- कक्षा १० को नेपाली पाठ्यपुस्तकभित्र समावेश भएका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

- कक्षा १० को नेपाली पाठ्यपुस्तकमा भएका एकाङ्की विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

- कक्षा १० को नेपाली पाठ्यपुस्तक भित्र भएका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।

- कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधामा प्रयुक्त आगन्तुक शब्दको अध्ययन ।

- कक्षा १० को नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा भएका तद्भव शब्दको अध्ययन ।

## सन्दर्भसूची

*खड्का गोमाकुमारी (२०६७),* कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको 'कथा' विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी ।

*घिमिरे तुलसीराम, न्यौपाने टङ्कप्रसाद, न्यौपाने दिपक, पारशमणि भण्डारी (२०७३),* **चौथो संस्करण सामान्य भाषा विज्ञान,** काठमाण्डौं सनलाइट पब्लिकेशन ।

*नेम्वाङ्ग, देवी (२०७१)* कक्षा ९ को नेपाली पाठ्यपुस्तकको 'कथा' **विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र ), जनता बहुमुखी क्याम्पस, इटहरी ।

*पोखेल, बालकृष्ण र अन्य (सातौं संस्करण २०६७),* **नेपाली बृहत् शब्दकोश, काठमाण्डौं, नेपाल** प्रज्ञा - प्रतिष्ठान ।

*बराल, टीकादत्त (२०६८),* **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, काठमाण्डौं,** विधार्थी पुस्तक भण्डार ।

*बस्नेत, नारायण (२०७१),* **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी ।

*बस्नेत, नारायण (२०७१),* **कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी ।

*भट्टराई, हिरा (२०६६),* **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रि.वि ।

*यादव, वैद्यनाथ (२०७०),* **स्नातक तहको प्रथम बर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।